कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# होटल फरेष्ट इन लिमिटेड
# Hotel Forest Inn Limited

रजिष्टर्ड कार्यालय : बूढानीलकण्ठ नगरपालिका-१, काठमाण्डौ, नेपाल, फोन नं.: ०१-४४४०७०६
इमेलः hotelforestinn11@gmail.com वेभसाइटः www.hotelforestinn.com.np

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरणपत्र

आफ्नो जारी पूँजी रु.२,००,००,००,०००/- (अक्षरेपी दुई अर्ब मात्र) को २०% अर्थात रु.४०,००,००,०००/- (अक्षरेपी चालिस करोड मात्र) रकम बराबरको प्रति शेयर कित्ता अंकित मूल्य रु.१००/- दरको ४०,००,००० कित्ता साधारण शेयरको १०% अर्थात ४,००,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको, ५% अर्थात २,००,००० कित्ता शेयर सामुहिक लगानी कोष र २% अर्थात ८०,००० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीलाई छुट्टाई बाँकी रहेको ३३,२०,००० कित्ता शेयर सर्वसाधारणका लागि निष्काशन गरिने ।

नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारी तथा सामूहिक लगानी कोषलाई छुट्याईएको शेयर पूर्ण रुपमा बिक्री नभएमा बाँकी रहेको शेयर सर्वसाधारणलाई मात्र थप गरि निष्काशन गरिने छ ।

## संक्षिप्त वित्तीय विवरण :

| विवरण | वास्तविक (लेखापरीक्षण भएको) | | | प्रक्षेपित (लेखापरीक्षकबाट प्रमाणित) | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० (Restated) | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| **पूर्नमूल्यांकन बिनाको प्रति शेयर नेटवर्थ (रु.)** | ९२.९६ | ९३.३९ | ९०.६५ | ९४.३२ | ९८.४१ | १०२.८४ |
| **पूर्नमूल्यांकन सहितको प्रति शेयर नेटवर्थ (रु.)** | ९२.९६ | १४७.६७ | १२५.२६ | १२२.०० | १२६.१० | १३०.५२ |
| **प्रति शेयर आम्दानी रु.** | १.४९ | (१.६९) | (१६.८६) | १.८० | ४.०९ | ४.४३ |
| **संचित नाफा/(नोक्सान) (रु.हजारमा)** | (५०,२४८.४९) | (६७,४४५.७९) | (२३९,४३४.१९) | (२०३,४७६.०४) | (१२१,६३४.५९) | (३३,१०१.२२) |

*नोटः कम्पनीको नेटवर्थ सम्बन्धी विवरण लेखापरीक्षकबाट प्रमाणित भएको ।*

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

## आयोजनाको कुल लागत विवरण :

होटल फरेष्ट इन लिमिटेडको आयोजना सम्पन्न गर्दा लागेको कुल लागत : रु.३,४८,२१,१५,५२८/-

## लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :

डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) : १५.३३ वर्ष

साधारण लगानी फिर्ता हुने अवधि (Simple Pay Back Period) : १०.८६ वर्ष ।

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग (८) को पेज नं. २५, २६ र २७ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

## नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरण पत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरुमध्ये कम्पनीको कर्मचारीहरु र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष र सामुहिक लगानी कोषका लागि समेत सर्वसाधारणमा शेयर बाँडफाँड भएको मितिले ६ महिना पूरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन। साथै कर्मचारीहरु, संस्थापक वा संस्थापक शेयरधनीका एकाघरको सदस्यहरुले प्रारम्भिक सार्वजनिक निष्काशनमा दरखास्त दिन पाउने छैनन् ।**

## क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लि., बानेश्वर, काठमाण्डौबाट रेटिङ्ग गराई "IRN-BB-(Is)" "[Double B Minus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ। जसले Moderate risk of default regarding timely servicing of financial obligations भन्ने जनाँदछ। इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA देखि IRN D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड IRN AAA ले बलियो आधार जनाउँछ भने IRN D ले कमजोर आधार जनाउँछ। रेटिङ्गको संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ। क्रेडिट रेटिङ्ग सम्बन्धी विस्तृत विवरण यस विवरणपत्रको दफा २२ (ट) पाना नं. ५० मा उल्लेख गरिएको छ।

रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०४/१४ — बहाल रहने अवधि मितिः २०८३/०४/१३

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मितिः २०८२/०९/२०** — **कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०८२/०९/२१**

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि धितोपत्र निष्काशन खुल्ला हुने मिति :

**निष्काशन खुल्ला हुने मितिः २०८२/१०/०४**

**निष्काशन बन्द हुने मिति (छिटोमा): २०८२/१०/०८ (बैंकिङ्ग समय पश्चात)**

**निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८२/१०/१८ (बैंकिङ्ग समय पश्चात)**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

NIC ASIA CAPITAL

## एन आई सी एशिया क्यापिटल लिमिटेड

ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) "विवरणपत्र" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

(ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक" भन्नाले एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाडौँलाई सम्झनु पर्दछ ।

(ग) "कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी होटल फरेष्ट इन लिमिटेडलाई सम्झनु पर्दछ ।

(घ) "कम्पनीका कर्मचारीहरु" भन्नाले होटल फरेष्ट इन लिमिटेडको उच्च व्यवस्थापन तहमा रहेका पदाधिकारीहरु लगायतका अन्य कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

(च) "निष्काशन बैंक" भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकलाई सम्झनु पर्दछ ।

(च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा नेपाल पर्यटन बोर्डलाई सम्झनु पर्दछ ।

(छ) "संस्थापक" भन्नाले होटल फरेष्ट इन लिमिटेडका संस्थापक शेयरधनीहरुलाई सम्झनु पर्दछ ।

(ज) "सञ्चालक" भन्नाले होटल फरेष्ट इन लिमिटेडको सञ्चालकहरुलाई सम्झनु पर्दछ ।

(झ) "कार्यकारी प्रमुख" भन्नाले होटल फरेष्ट इन लिमिटेडको महाप्रबन्धक वा प्रबन्धकलाई सम्झनु पर्दछ ।

(ञ) "व्यवस्थापन" भन्नाले होटल फरेष्ट इन लिमिटेडको व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(ट) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ठ) "आधारभूत शेयरधनी" भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशतभन्दा बढी शेयर धारण गरेका शेयरधनीलाई सम्झनु पर्दछ ।

(ड) "खुद सम्पत्ति मूल्य" भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्दछ ।

(ढ) "प्रति शेयर आम्दानी" भन्नाले सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरू (सम्पत्तिको पुर्नमूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरू तथा ख्याति घटाई बाँकी रहन जाने रकमलाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

(ण) "लगानी फिर्ता हुने अवधि" भन्नाले सामान्य रुपमा कति समयभित्र लगानी प्रतिफल प्राप्त हुन्छ, सो अवधिलाई सम्झनु पर्छ ।

(त) "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि" भन्नाले डिस्काउन्टिङ्ग फ्याक्टर प्रयोग गरेर कति समयभित्र लगानी प्रतिफल प्राप्त हुन्छ, सो अवधिलाई सम्झनु पर्दछ ।

(थ) "संगठित संस्था" भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी प्रचलित कानुन बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्दछ ।

(द) "धितोपत्र प्रत्याभूतिकर्ता" भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायीलाई सम्झनु पर्दछ ।

(ध) "विप्रेषण (रेमिटचान्स) बचत खाता" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटचान्स) बचत खाता सम्झनु पर्दछ ।

(न) "सी-आस्वा (C-ASBA) सदस्य" भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्थालाई सम्झनु पर्दछ ।

(प) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउदँछ ।

## ख.२ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| क. | एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौ, नेपाल, वेवसाइट : www.nicasiacapital.com |
| ख. | **होटल फरेष्ट इन लिमिटेड**, बूढानिलकण्ठ १, काठमाण्डौ, वेवसाइटः www.hotelforestinn.com.np |
| ग. | विवरण पत्र स्वीकृत पश्चात् नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np बाट हेर्न सकिनेछ । |
| **सि.नं.** | **दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान :** |
| क. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सी- आस्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

## ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२.संगठित संस्थाको उद्घोषण :

**ग.२.क.** सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्काशन तथा बिक्री प्रबन्धकहरुलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्रमा र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यता प्रति र विवरणपत्रमा लेखिएका कुराहरु वदनियतसाथ वा जानी जानी झुठा वा गलत उल्लेख गरिएका कारणबाट लगानी कर्तालाई कुनै हानी नोक्सानी हुन गएमा सोको क्षतिपूर्ति व्यहोर्न यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस होटल फरेष्ट इन लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानुन अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०८१/०८२ सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको मिति २०८२/०५/०६ गतेको निर्णयानुसार यस कम्पनी आ.व. २०८१/०८२ सम्मको लागि अद्यावधिक गरिएको छ ।

**ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस कम्पनीको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
(२) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(४) धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(५) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :

**(क) संस्थाको नाम :** होटल फरेष्ट इन लिमिटेड (Hotel Forest Inn Limited)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड कार्यालयको ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला बूढानिलकण्ठ न.पा.वडा नं. १, काठमाण्डौमा रहेको छ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान काठमाण्डौ जिल्ला, बूढानिलकण्ठ नगरपालिका वडा नं. १, काठमाण्डौमा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) होटल फरेष्ट इन लिमिटेड प्रचलित कानुन बमोजिम २०६७ साल मंसिर महिनाको ०६ गते होटल फोरेष्ट रिर्सोट प्रा.लि.को नामबाट दर्ता भएकोमा मिति २०८० साल भाद्र १२ गतेदेखि पब्लिक कम्पनीको रुपमा परिणत भई होटल फरेष्ट इन लिमिटेडको नाममा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको छ ।

(२) कम्पनी मार्फत होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्ने गरी मिति २०७३/०७/२५ गते नेपाल सरकार, उद्योग विभागबाट स्वीकृति प्राप्त भएको हो । साथै कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८०/०७/०२ गते कारोबार स्वीकृति प्राप्त गरेको छ ।

(३) नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धी प्रतिवेदन मिति २०८० पौष १८ गते स्वीकृति प्राप्त भएको छ ।

(४) नेपाल सरकार, पर्यटन विभागबाट पर्यटन ऐन, २०३५ तथा होटल, लज, रेष्टुराँ, तथा रिर्सोट, बार तथा पथ प्रदर्शक नियमावली, २०३८ मा व्यवस्था भए अनुसारको प्रावधान पूरा गरी सम्पूर्ण संरचना निर्माण तथा आवश्यक योग्यता हासिल गरी मिति २०८१ आश्विन २३ गते पाँच तारे होटलको वर्गीकरणसहित होटल सञ्चालनको इजाजतपत्र प्राप्त गरिएको छ ।

(५) यस होटल फरेष्ट इन लिमिटेड आंशिक रुपमा मिति २०८१ साल श्रावण १ गते देखि ३९ ओटा कोठा, मिति २०८१ साल पौष २५ गतेदेखि २७ ओटा कोठा र मिति २०८१ साल चैत्र २५ गते देखि ३८ ओटा कोठा गरि हाल जम्मा १०४ ओटा कोठा संचालनमा रहेका छन् ।

| क्र.सं. | विवरण/कार्य | हालको अवस्था |
|---|---|---|
| १. | होटल | मिति २०८१।१२।२५ मा पूर्ण रुपमा सम्पन्न भई संचालनमा रहेको । |
| २. | रेष्टुरेन्ट | मिति २०८१।१०।२० मा पूर्ण रुपमा सम्पन्न भई संचालनमा रहेको । |
| ३. | ब्याङ्क्वेट तथा सभा हल | मिति २०८१।०६।२३ मा पूर्ण रुपमा सम्पन्न भई संचालनमा रहेको । |
| ४. | स्पा तथा व्यायमशाला | मिति २०८१।०६।२३ मा पूर्ण रुपमा सम्पन्न भई संचालनमा रहेको । |

(क) होटलले प्रदान गर्ने मुख्य सेवाहरु र भौतिक संरचनाहरुको क्षमता देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | मुख्य सेवाहरु | विवरण | भौतिक संरचनाहरुको क्षमता |
|---|---|---|---|
| १. | होटल तर्फ | सुइट रुम, डिलक्स रुम, प्रेसिडेन्ट रुम, किङ साइज रुम | १०४ वटा कोठा सञ्चालनमा रहेका छन् । |
| २. | रेष्टुरेन्ट | मेकोंग, क्याफे नागार्जुन र इन्फिनिटी बार गरी जम्मा ३ वटा रेस्टुरेन्ट सञ्चालनमा रहेका छन् । | मेकोंग रेस्टुरेन्ट - ७२ जना<br>क्याफे नागार्जुन - ८० जना<br>इन्फिनिटी बार - ४८ जना |
| ३. | ब्याङ्क्वेट तथा सभा हल | बाघद्वार, सुन्दरीजल र शिवपुरी गरी जम्मा ३ वटा ब्याङ्क्वेट हल रहेका छन्, जसको क्षेत्रफल क्रमशः २,९०० वर्गफुट, २७९७ वर्गफुट र १७०० वर्गफुट रहेको छ । | बाघद्वार - ९० जना<br>सुन्दरीजल - १४४ जना<br>शिवपुरी - ६० जना |
| ४. | स्पा तथा व्यायमशाला | पुरुष र महिला लागि छुट्टाछुट्टै स्पा सेवा उपलब्ध छ । जिम २४ घण्टा सञ्चालनमा रहनेछ । | स्पा - ५ जना<br>जिम - १० जना |

(ख) होटलमा रहेका कोठाहरुको वर्गीकरण तथा कोठाहरुको आधारभूत विशेषताहरु देहाय बमोसजम रहेका छन् :

| **क्र.सं.** | **कोठाहरुको वर्गीकरण** | **जम्मा कोठा संख्या** | **आधारभूत विशेषताहरु** |
|---|---|---|---|
| १. | किङ प्रिमियम | ८ | मिनी बार, चिया-कफी मेकर, इन-रुम सेफ, लगेज ऱ्याक सहितको आलमारी, व्यक्तिगत तापक्रम नियन्त्रण, पछाडिको दृश्य (बाल्कनी छैन) । |
| २. | टुइन प्रिमियम | २३ | मिनी बार, चिया-कफी मेकर, इन-रुम सेफ, लगेज ऱ्याक सहितको आलमारी, व्यक्तिगत तापक्रम नियन्त्रण, पछाडिको दृश्य (बाल्कनी छैन) । |
| ३. | किङ प्रिमियम शिवपुरी हिल्स भ्यू | २४ | मिनी बार, चिया-कफी मेकर, इन-रुम सेफ, लगेज ऱ्याक सहितको आलमारी, व्यक्तिगत तापक्रम नियन्त्रण, अगाडिको दृश्य (बाल्कनी सहित) । |
| ४. | टुइन प्रिमियम शिवपुरी हिल्स भ्यू | ४ | मिनी बार, चिया-कफी मेकर, इन-रुम सेफ, लगेज ऱ्याक सहितको आलमारी, व्यक्तिगत तापक्रम नियन्त्रण, अगाडिको दृश्य (बाल्कनी सहित) । |
| ५. | किङ सुइट शिवपुरी हिल्स भ्यू (फ्रन्ट भ्यू + बाल्कनी) | ६ | मिनी बार, चिया-कफी मेकर, इन-रुम सेफ, लगेज ऱ्याक सहितको आलमारी, व्यक्तिगत तापक्रम नियन्त्रण, अगाडिको दृश्य (बाल्कनी सहित) । |
| ६. | किङ स्ट्यान्डर्ड एक्सेसिबल | १ | मिनी बार, चिया-कफी मेकर, इन-रुम सेफ, लगेज ऱ्याक सहितको आलमारी, व्यक्तिगत तापक्रम नियन्त्रण, पछाडिको दृश्य (बाल्कनी छैन) । |
| ७. | ट्विन स्ट्यान्डर्ड शिवपुरी हिल्स भ्यू | २४ | मिनी बार, चिया-कफी मेकर, इन-रुम सेफ, लगेज ऱ्याक सहितको आलमारी, व्यक्तिगत तापक्रम नियन्त्रण, अगाडिको दृश्य (बाल्कनी सहित) । |
| ८. | किङ स्ट्यान्डर्ड शिवपुरी हिल्स भ्यू | ८ | मिनी बार, चिया-कफी मेकर, इन-रुम सेफ, लगेज ऱ्याक सहितको आलमारी, व्यक्तिगत तापक्रम नियन्त्रण, अगाडिको दृश्य (बाल्कनी सहित) । |
| ९. | वान बेडरुम सुइट | २ | मिनी बार, चिया-कफी मेकर, इन-रुम सेफ, लगेज ऱ्याक सहितको आलमारी, व्यक्तिगत तापक्रम नियन्त्रण, छुट्टै बस्ने कोठा |
| १०. | वन बेडरुम सुइट विथ हिल्स भ्यू | ४ | मिनी बार, चिया-कफी मेकर, इन-रुम सेफ, लगेज ऱ्याक सहितको आलमारी, व्यक्तिगत तापक्रम नियन्त्रण, छुट्टै बस्ने कोठा समेत |
| | जम्मा | १०४ | |

(ग) होटल संचालन पश्चात् होटलले विभिन्न सेवाहरु बिक्री गरी प्राप्त आम्दानी देहाय बमोजिम रहेका छन् :

| **क्र.सं.** | **अवधि (आ.व. २०८१/०८२)** | **जम्मा रकम (रु.)** |
|---|---|---|
| १. | आश्विन मसान्त, २०८१ | १२,३९०,९५१ |
| २. | पौष मसान्त, २०८१ | ३१,४६४,०३६ |
| ३. | चैत्र मसान्त, २०८१ | ३६,३६४,६३५ |
| ४. | आषाढ मसान्त, २०८२ | ५६,०९२,१४० |
| | **जम्मा** | १३६,३११,७६२।- |

**(घ) होटलले प्रदान गर्ने मुख्य सेवाहरु तथा वितरणको मोडल :**

होटलले आफ्ना पाहुनालाई उच्चस्तरीय आतिथ्य र पर्यटनसँग सम्बन्धित सम्पूर्ण सुविधा उपलब्ध गराउँछ। पाँचतारे होटलको मापदण्डअनुसार संचालन गरिएका कोठा तथा रेष्टुरेन्ट र बारमार्फत रहने व्यवस्था, स्वादिष्ट भोजन तथा पेय पदार्थको सेवा प्रदान गरिन्छ। साथै, विभिन्न खालका सेमिनार, गोष्ठी, सम्मेलन तथा सामाजिक वा औपचारिक कार्यक्रमहरू आयोजना गर्नका लागि अत्याधुनिक सुविधा सम्पन्न हल र ब्याङ्क्वेट हल उपलब्ध गराइएको छ।

यसबाहेक, होटल व्यवसायसँग प्रत्यक्षरूपमा सम्बन्धित पर्यटकिय र मनोरञ्जनात्मक गतिविधिहरूलाई समेत प्रोत्साहन गर्ने उद्देश्यले पाहुनालाई अतिरिक्त सेवा प्रदान गरिन्छ। यी सबै सेवाहरू पाहुनाको आवश्यकता र सुविधा अनुरूप वितरण गरिने भएकाले होटलले सम्पूर्ण अतिथीलाई समग्र अनुभव प्रदान गर्ने लक्ष्य राखेको छ।

| **मुख्य सेवा क्षेत्र** | **विवरण (वर्णनात्मक रूप)** | **वितरणको मोडल** |
|---|---|---|
| **आवास सेवा (Accommodation)** | पाँचतारे मापदण्डअनुसारका कोठा तथा स्वीट्स, आरामदायी बसाइँका लागि सम्पूर्ण सुविधा (AC, Wi-Fi, २४ घण्टा सेवा) उपलब्ध | प्रत्यक्ष बुकिङ (Walk-in), अनलाइन बुकिङ प्लेटफर्म (OTA), ट्राभल एजेन्सी तथा टुर अपरेटरमार्फत |
| **खाद्य तथा पेय सेवा (Food & Beverage)** | बहु-खाले रेष्टुरेन्ट / बारमार्फत स्वादिष्ट नेपाली, अन्तर्राष्ट्रिय भोजन तथा पेय पदार्थको सेवा | इन-हाउस डाइनिङ, रुम-सर्भिस, इभेन्ट/क्याटरिङ सेवा |
| **सम्मेलन तथा बैठक सुविधा (Conference & Banquet)** | अत्याधुनिक प्रविधियुक्त सम्मेलन हल, सेमिनार हल, गोष्ठी हल र ब्याङ्क्वेट हल उपलब्ध; साना-ठूला सबै खाले औपचारिक तथा सामाजिक कार्यक्रम आयोजना गर्न सकिने | प्रत्यक्ष बुकिङ, कार्पोरेट टाइ-अप, इभेन्ट व्यवस्थापक कम्पनीमार्फत |
| **पर्यटन तथा मनोरञ्जन (Tourism & Recreation)** | होटल व्यवसायसँग सम्बन्धित पर्यटकीय प्याकेज, मनोरञ्जनात्मक गतिविधि, सांस्कृतिक प्रस्तुति तथा स्वास्थ्य/फिटनेस सम्बन्धी सुविधा | टुर एजेन्सी, होटलका ट्राभल डेस्क, प्रत्यक्ष पाहुनाको मागअनुसार |
| **अतिरिक्त सेवा (Ancillary Services)** | एयरपोर्ट पिकअप/ड्रप, कन्सर्ज सेवा, ट्राभल गाइड, शहर भ्रमण, स्पा, जिम, स्विमिङ पूल, आदि | प्रत्यक्ष सेवा बुकिङ, होटल रिसेप्सन वा अनलाइन अनुरोध |

(६) परियोजनासँग सम्बन्धित संक्षिप्त विवरण तथा वित्तीय अनुपातहरु देहाय बमोजिम रहेको छ :

**वित्तीय अनुपात सम्बन्धी विवरण :**

**<u>Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) सम्बन्धी विवरण :</u>**

होटलको व्यवसायिक उत्पादन शूरु हुने वर्ष लाई आधार वर्ष मान्दा साधारण लगानी फिर्ता हुने अवधि (Simple Pay Back Period) १०.८६ वर्ष, डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १५.३३ वर्ष, Internal Rate of Return १३.६२ प्रतिशत र Net Present Value (NPV): रु. १,८९३,७३१,०३४ /- रहने अनुमान रहेको छ। कम्पनीको १५औं वर्षको नगद प्रवाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रवाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको छ। NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ।

**Net Present Value (NPV)** तथा **Internal Rate of Return (IRR)** गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0

**पूँजी लागत : ९ प्रतिशत**

| वर्ष | आम्दानी (रकम रु.) | सञ्चालन तथा मर्मत खर्च (रकम रु.) | O & M | बोनश (रकम रु.) | ह्राषकट्टीं + परिशोधन (रकमरु.) | कर अधिको नाफा ( रकम रु.) | कर २५% | कर पछिको नाफा (रकम रु.) | खुद नगद प्रवाह (रकम रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | | | | | | | | | (३,४८२,११५,५२८) |
| १ | ५२१,८४६,४०० | १७९,६३९,३१२ | ८०,२४७,७१२ | ३,५९५,८१५ | ७१,२२३,१४४ | १८७,१४०,४१७ | - | १८७,१४०,४१७ | २५८,३६३,५६१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ५५९,३०७,३२८ | १८५,६०९,३६१ | ८४,५१९,५८६ | ८,१८४,१४५ | ७१,२२३,१४४ | २०९,७७१,०९१ | - | २०९,७७१,०९१ | २८०,९९४,२३५ |
| ३ | ५६९,१७८,७५६ | १८९,२५०,६६८ | ८६,६३१,८०० | ८,८५३,३३६ | ७१,२२३,१४४ | २१३,२१९,८०७ | - | २१३,२१९,८०७ | २८४,४४२,९५१ |
| ४ | ६१६,८२४,६५९ | २०२,४६६,०९२ | ९१,८१५,४४१ | ११,९६९,०६३ | ७१,२२३,१४४ | २३९,३५०,९१७ | - | २३९,३५०,९१७ | ३१०,५७४,०६२ |
| ५ | ६४५,५९९,७३७ | २१०,९४२,३२८ | ९५,५४०,९४२ | १३,८९३,१९३ | ७१,२२३,१४४ | २५४,०००,१२९ | - | २५४,०००,१२९ | ३२५,२२३,२७३ |
| ६ | ७४०,४७२,६१८ | २३६,१५१,३१५ | १०४,६०७,९४३ | २०,०८०,३२६ | ७१,२२३,१४४ | ३०८,४०९,८९० | १३,८९३,१९३ | २९४,५१६,६९७ | ३६५,७३९,८४१ |
| ७ | ७४०,९४७,८०९ | २३७,५३७,२९० | १०६,१७९,०४९ | २०,६५२,३४८ | ७१,२२३,१४४ | ३०५,३५५,९७८ | २०,०८०,३२६ | २८५,२७५,६५२ | ३५६,४९८,७९७ |
| ८ | ७४१,४३४,८८१ | २३८,९५७,९१५ | १०७,८०९,३७५ | २१,२९७,८८७ | ७१,२२३,१४४ | ३०२,१४६,५५९ | २०,६५२,३४८ | २८१,४९४,२११ | ३५२,७१७,३५६ |
| ९ | ७४१,९३४,१२९ | २४०,४१४,०५५ | १०९,५०१,३९९ | २२,१७६,२८० | ६९,२७९,८९८ | ३००,५६२,४९८ | ४२,५९५,७७५ | २५७,९६६,७२३ | ३२७,२४६,६२० |
| १० | ७४२,४४५,८५८ | २४१,९०६,५९८ | १११,२५७,७०९ | २२,८६३,२३७ | ६९,२७९,८९८ | २९७,१३८,४१७ | ४४,३५२,५६१ | २५२,७८५,८५६ | ३२२,०६५,७५४ |
| ११ | ७९०,१७५,०२० | २५५,३६४,८६४ | ११६,८५७,३८३ | २७,३८६,२२४ | ५८,८००,७०४ | ३३१,७६५,८४५ | ४५,७२६,४७३ | २८६,०३९,३७२ | ३४४,८४०,०७७ |
| १२ | ७९०,७१२,६५६ | २५६,९३२,९६७ | ११८,७५०,५०८ | २८,१८६,५७८ | ५८,८००,७०४ | ३२८,०४१,८९९ | ५४,७७२,४४९ | २७३,२६९,४५० | ३३२,०७०,१५५ |
| १३ | ७९१,२६३,७३२ | २५८,५४०,२७३ | १२०,७१६,४१२ | २९,००३,५४२ | ५८,८००,७०४ | ३२४,२०२,८०० | ५६,३७३,१५५ | २६७,८२९,६४५ | ३२६,६३०,३४९ |
| १४ | ७९१,८२८,५८६ | २६०,१८७,७६२ | १२२,७५८,१८८ | २९,८११,२१० | ५८,८००,७०४ | ३२०,२७०,७२० | ५८,००७,०८५ | २६२,२६३,६३६ | ३२१,०६४,३४० |
| १५ | ७९२,४०७,५६० | २६१,८७६,४३८ | १२४,८७९,०६९ | ३०,६०९,२२६ | ५८,८००,७०४ | ३१६,२४२,१२२ | ५९,६२२,४२१ | २५६,६१९,७०२ | ३१५,४२०,४०६ |
| १५ | आवधिक मुल्य (Terminal Value) | | | | | | | | ११,२४९,९९४,४८४ |
| **कुल वर्तमान मूल्य रु.** (NPV) | | | | | | | | | १,८९३,७३१,०३४ |
| **आन्तरिक प्रतिफल दर** (IRR) | | | | | | | | | १३.३९% |
| **B/C Ratio/Profitability Index** | | | | | | | | | १.६२ |
| **साधारण लगानी फिर्ता हुने अवधि वर्षमा** (Simple Payback Period) | | | | | | | | | १०.८६ |
| **डिस्काउण्टमा लगानी फिर्ता हुनेअवधि वर्षमा** (Discounted Payback Period) | | | | | | | | | १५.३३ |
| Equity Internal Rate of Return (EIRR) | | | | | | | | | १६.६२% |

**(७) कम्पनीको प्रवन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:**

(१) कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा स्वीकृति लिनुपर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) देशको पर्यटन विकासको पूर्वाधारको रुपमा होटल व्यवसायलाई मध्यनजर राखी आधुनिक साधनले सू–सुजित सुविधायुक्त होटलको स्थापना गरी, स्वदेशी तथा विदेशी पाहुनाहरुलाई स्वस्थकर एवं स्तरयुक्त खाने, पिउने, बस्ने तथा घुमफिर गराउने व्यवस्था समेतको सेवा उपलब्ध गराई देशको पर्यटन उद्योगको विकासमा महत्वपूर्ण टेवा पुऱ्याउने ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका स्वदेशी तथा विदेशी स्तरीय खान पीन, स्वच्छ पानी, स्तरयुक्त बस्ने व्यवस्था गर्नुका साथै पाहुनाहरुलाई हरसम्भव उपायबाट उपलब्ध गराउन सकिनेसम्मको सुविधा उपलब्ध गराउन प्रयत्न गर्ने ।

(ग) गार्डेन रेष्टुरेन्ट एण्ड बार, डान्स फोलोर, कन्फेरेन्स हल, लाइब्रेरी, चिल्ड्रेन्स रिक्रियसन रुम बिजनेश सेन्टर, बार्बर शप, ब्युटिपार्लर, स्तरीय व्यायमशाला, योगशाला, स्वीमिङ्ग पुल तथा अत्याधुनिक जलक्रिडा समेतको सुविधा उपलब्ध गराउने ।

(घ) पर्यटकहरुको सुविधाको लागि ट्राभलिङ्ग साईटसिङ्ग, टिकेटिङ्ग, ऱ्याफटिङ्ग जस्ता कुराहरुलाई कम्पनीको तर्फाबाट सरल तरिकाले व्यवस्था मिलाई दिन कार्य गर्ने ।

(ङ) देशको कला संस्कृति झल्किने हस्तकला, काष्ठकला, धातुकला चित्रकला र वस्तुकलाका सामाग्रीहरु होटल क्षेत्र भित्र प्रदर्शन एवम बिक्री गरी नेपाली कलाकृतीको प्रवर्धन गरी बिक्री गर्ने ।

(च) सामाजिक तथा व्यवसायिक गोष्ठी, सेमिनार, सम्मेलन तथा अन्य कार्यक्रमहरुको आयोजना गर्नका लागि सम्पूर्ण सुविधाहरु उपलब्ध गराउने ।

(छ) सुविधायुक्त रेष्टुरेन्ट एण्ड बारको स्थापना गरी स्वदेशी तथा विदेशी ग्राहकहरुलाई निजहरुको इच्छाबमोजिम स्वदेशी तथा विदेशी र स्वस्थ्य ताजा खाना, नास्ता मदिराहरु उपलब्ध गराउने ।

(ज) प्रचलित कानूनको अधिनमा रही स्वदेशी, तथा विदेशी ग्राहकहरुलाई निजहरुको इच्छा, चाहना अनुसार नेपाली, कला, सस्कृति र परम्परामा प्रतिकुल प्रभाव नपर्ने गरी विभिन्न किसिमका साँस्कृतिक कार्यक्रमहरु, गजलहरु, लोक दोहोरी गितहरु, पप गितहरुको प्रर्दशन गरी मनोरञ्जन दिनुका साथै संगित, नाच, गान, डिस्कोका मनोरञ्जन दिलाउने ।

(झ) होटल भित्र सुविधायुक्त रेष्टुरेन्ट एण्ड बारको स्थापना गरी स्वदेशी तथा विदेशी पाहुनाहरुलाई निजहरुको इच्छा बमोजिम विभिन्न प्रकारका स्वदेशी तथा विदेशी मदिराहरु लगायतका हल्का पेय पदार्थहरु, विभिन्न प्रकारका खानाका परिकारका साथै स्वदेशी तथा विदेशी खाना, नास्ता एवं अर्डर बमोजिम तयार गर्न पाकिने स्वस्थ ताजा खाजा, नास्ता उपलब्ध गराउन रेष्टुरेन्ट बारको संचालन गर्ने ।

(ञ) पाहुनालाई लन्ड्री, आकस्मिक उपचार तथा इन्टरनेट सहितको अत्याधुनिक अर्न्तदेशीय संचार सुविधा समेत व्यवस्था गर्ने ।

(ट) आधुनिक किसिमबाट जग्गामा डिजाइन गरी भु-बनोटको आधारमा मिल्ने गरि ज्ञान प्रविधि अपनाई स्वदेशी तथा विदेशी समेतका लागि उपयुक्त Swimming Pool सहितको भौतिक सुविधायुक्त होटल संचालन गर्ने ।

(ठ) पाँच तारे होटल संचालनका निम्ती आवश्यक सबै प्रकारका व्यवस्था मिलाउने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यन्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यन्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरे पश्चात् त्यस्ता अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

**वातावरण अध्ययन प्रतिवेदनमा उल्लिखित मुख्य मुख्य बुँदाहरु :**

१. प्रस्तावित आयोजना नेपालको मध्य पहाडी क्षेत्रमा अवस्थित छ । यो आयोजना समुन्द्र सतहबाट १५८१.३० मि.को उचाईमा अवस्थित हुनेछ ।
२. प्रस्तावित आयोजनाबाट निर्माण अवधिभर प्रति दिन २१४ जना व्यक्तिहरुले रोजगार पाउनेछन् । संचालन अवधिमा भने ५५ जना व्यक्तिहरुले रोजगारी पाउनेछन् । विकास आयोजनाले देशको आर्थिक अवस्थामा पनि सुधार ल्याउनेछ ।
३. प्रस्तावित होटल निर्माण कार्यले जैविक वातावरणमा खासै असर पार्दैन । वातावरणलाई स्वच्छ र हरियाली कायम बगैंचाको व्यस्थापन गर्नु आवश्यक छ ।
४. होटलका कर्मचारीहरुलाई विभिन्न किसिमका तालिमहरु प्रदान गरिने छ ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(छ) अन्य विवरणहरु :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

यस कम्पनीले प्रदान गर्ने मुख्य सेवाहरुमा आतिथ्य एवं पर्यटनसँग सम्बद्ध पाँच तारे होटल तथा रेष्टुरेन्ट/बारको सेवा, विभिन्न प्रकारका सेमिनार, गोष्ठी, सम्मेलनका लागि गर्ने हल तथा ब्याङ्क्वेट हल उपलब्ध गराउने र होटल व्यवसायसँग सम्बन्धित पर्यटकीय तथा मनोरञ्जनात्मक क्रियाकलापहरु रहेका छन् ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :**

यस कम्पनीले पर्यटन उद्योगको व्यवसायको निम्ति प्रयोग हुने अत्याधुनिक उपकरण मेशिनरी तथा प्रविधिहरु जडान गरी सञ्चालन ल्याइएको छ । प्रयोग भएका मुख्य उपकरण, मेशिनरी तथा प्रविधिहरु तपसील बमोजिम रहेका छन्:

१. विदेशी पर्यटकहरुलाई लक्षित गरी विभिन्न प्लेटफर्म जस्तै website तथा PMS (Property Management System of Oracle Company Singapore) मार्फत होटल बुकिङ्ग गर्न सक्ने गरी होटल व्यवसाय सञ्चालन गरेको ।

२. यस होटलमा सोफा कम बेड रहेको र जसलाई आवश्यकता अनुसार सोफा वा बेड वा दुवैको रुपमा प्रयोग गर्न मिल्ने सुविधा रहेको छ ।

३. होटलमा बस्ने पाहुनाहरुको मनोरञ्जनको निम्ति आधुनिक प्रविधिको टिभिको सुविधा पनि रहेको छ । साथै पाहुनाले रुम तथा खानाको बिल र अन्य हिसाब सम्बन्धी जानकारी पाहुना बस्ने रुमको टिभिबाट नै हेर्न मिल्ने सुविधा रहेको र सो को लागि Oracle Corporation Singapore Pte. Ltd. को अत्याधुनिक PMS उपकरण जडान गरेको ।

४. होटलको पाहुनालाई मध्यनजर गरी निम्न आधुनिक उपकरणहरु जडान गरिएको छ:

| विवरण | कैफियत |
|---|---|
| CCTV and Access Control System | होटलको सुरक्षालाई मध्यनजर गरी होटलको चारै दिशामा जडान गरिएको छ । |
| Chiller | वातावरणको ताप अनुसार तापक्रम Maintain हुने गरी ३० टन क्षमताको Mammoth Company, China को Chiller मेसिन जडान गरिएको छ । |
| Generator | Greaves Power India को २ वटा ४००/४०० KVA क्षमता भएको Silent DG Set जडान गरिएको छ। यस प्रविधिको मद्दतले बिजुली कटौती भएको ७ सेकेण्डभित्र Generator स्वतः चालु हुन्छ । |
| Elevator | पाहुनाहरुको सहजता तथा सुरक्षालाई मध्यनजर गरी Access Control सहितको लिफ्ट जडान गरिएको छ । |

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, ईजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

यस कम्पनीको नाममा हाल कुनै ट्रेडमार्क दर्ता छैन । तर यस कम्पनीले अन्तर्राष्ट्रिय कम्पनी Inter Continental Hotels Group (Asia Pacific) Pte.Ltd., Singapore सँग प्रविधि हस्तान्तरण सम्झौता गरेको र Holiday INN Resort नामक टेड्रमार्क प्रयोग गर्ने गरी तयारी गरेको छ । सिंगापुरको जङ्सन टावरमा मुख्य कार्यालय रहेको विश्वस्तरीय चेन होटल कम्पनी IHG, Holiday INN अन्तर्गत संसार भरी १८० वटा देशमा ५,६०० भन्दा बढी होटल तथा रिसोर्टहरु सञ्चालनमा रहेका छन् । ब्राण्डको हाल ५ वटा ब्राण्डहरुमध्ये होलिडे इनको गुणस्तर Select Service/Upscale अन्तर्गत वर्गीकरण गरी मुख्यतयाः बिजनेस क्लासका आगन्तुकहरुको चाहना अनुसार सेवा सुविधाहरु उपलब्ध गराइएको र अन्य आनन्ददायी यात्रा तथा पारिवारिक भ्रमणका लागि आएका ग्राहकहरुका निमित्त पनि गुणस्तरयुक्त उचित सेवा सुविधाहरु उपलब्ध गराउने गरिएको छ ।

यस होटल फरेष्ट इन लिमिटेड आंशिक रुपमा मिति २०८१ साल श्रावण १ गते देखि ३९ ओटा कोठा, मिति २०८१ साल पौष २५ गतेदेखि २७ ओटा कोठा र मिति २०८१ साल चैत्र २५ गते देखि ३८ ओटा कोठा गरी हाल जम्मा १०४ ओटा कोठा संचालनमा रहेका छन् ।

नेपाल सरकार, पर्यटन विभागबाट पर्यटन ऐन, २०३५ तथा होटल, लज, रेष्टुराँ, तथा रिसोर्ट, बार तथा पथ प्रदर्शक नियमावली, २०३८ मा व्यवस्था भए अनुसारको प्रावधान पूरा गरी सम्पूर्ण संरचना निर्माण तथा आवश्यक योग्यता हासिल गरी पाँच तारे होटलको वर्गीकरणसहित होटल सञ्चालनको इजाजतपत्र प्राप्त गरिएको छ । यस ५ (पाँच) तारा स्तरको यस होटल फरेष्ट इन लि.मा १०४ वटा वातानुकुलित कोठाहरु सहित सञ्चालनमा आएका छन् । यस होटलमा रहेका तिन ठूला वातानुकुलित बैंङ्क्वेट हलहरुमा एक पटकमा क्रमशः ३५०, २५० र १०० जना ग्राहक अटाउन सक्ने क्षमता रहेको छ । स्वीमिङ पुलमा रहेको

पुल साइड बार सहित लबि बार र रुफटप बार गरी ३ वटा बारहरुमा वेभरेज सेवा तथा गुणस्तरीय आरामदायी बसाइको व्यवस्था उपलब्ध रहेको छ । मौलिक नेपाली तथा विश्वस्तरीय परिकारहरुका लागि चारवटा भान्सा कोठाहरु रहेका छन् भने फिट्नेस सेन्टरमा उच्चस्तरीय इक्विपमेण्टहरु जडान गरिएको छ। विश्वस्तरीय अत्याधुनिक इन्फर्मेशन टेक्नोलोजी सहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानथलदेखि १४ किलोमिटरको दुरीमा यो होटेल रहेको छ । काठमाण्डौको प्रमुख पर्यटकीय स्थलहरु जस्तैः काठमाण्डौ दरवार स्क्वायर, स्वयम्भुनाथ स्तुपा, ठमेल, पाटन दरवार स्क्वायर, पशुपतिनाथ मन्दिर, बौद्ध स्तुपा, चन्द्रागिरी हिल्स तथा भक्तपुर दरवार स्क्वायरको नजिकमा रहेको यस होटलका कोठा, लबी तथा रेस्टुरेन्ट परिसरको साजसजावट नेपाली मौलिकता झल्किने गरी तयार गरेको छ ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

यस कम्पनीले होटल व्यवसाय सञ्चालनमा ल्याई आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गरी काठमाण्डौं तथा समग्र नेपाललाई एक उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा विश्व सामु परिचित गराउन महत्वपूर्ण भुमिका निभाएको छ । नेपाली अर्थतन्त्रको वृद्धिमा टेवा पुऱ्याउने प्रमुख क्षेत्रहरु मध्ये सेवा क्षेत्र अन्तर्गतको पर्यटन तथा होटल व्यवसाय पनि एक हो । यस कम्पनीले सञ्चालनमा ल्याउने पाँच तारे होटल परियोजना मार्फत विभिन्न पर्यटकहरुलाई आनन्ददायी बसोबासको सेवा प्रदान गरेको छ । यसका अतिरिक्त यस कम्पनीले गर्मी याममा होटलमा बसोबास गर्ने पर्यटकहरुलाई स्वीमिङ पूलको सेवा प्रदान गर्नुको साथै विभिन्न रेस्टुरेन्ट/बार बाट सेवा प्रदान गर्ने र होटल/रिसोर्ट परियोजना अन्तर्गत हाल १०४ कोठा भएको पाँच तारे होटल तयार गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई विभिन्न सुविधा प्रदान गरेको छ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

कम्पनीले निकट भविष्यमा नयाँ बैंङ्क्वेट हल तथा क्यासिनोको समेत व्यवस्था गर्ने तयारी गरेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

यस कम्पनीको प्रमुख बजार भनेको नेपाल भ्रमण गर्न आउने विदेशी पर्यटक, विदेशमा रहेका नेपालीहरु र नेपालका आन्तरिक पर्यटकहरु रहेका छन् । यस कम्पनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई आकर्षित गरी राजधानीका विभिन्न पर्यटकिय स्थानहरुमा सजिलै पुग्न सक्ने गरी बस्न मिल्ने होटल सञ्चालनमा आएको छ । साथै आन्तरिक पर्यटकहरुलाई व्यस्त जीवनशैलीबाट केही दिनको छुट्कारा दिई काठमाण्डौंमा नै केही दिनको आनन्ददायी छुट्टी बिताउने स्थलको रुपमा समेत प्रचार प्रसार गरिनेछ । यस कम्पनीको होलिडे इन ब्राण्डका हाल ५ वटा ब्राण्डहरु मध्ये फरेष्ट इनको गुणस्तर सेलेक्ट सर्भिस अन्तर्गत अपस्केल वर्गीकरणमा रहि मुख्यतया बिजनेस क्लासका आगन्तुकहरुको चाहना अनुसार सेवा सुविधाहरु उपलब्ध गराउने र आनन्ददायी यात्रा तथा पारिवारिक भ्रमणका लागि आउने ग्राहकहरुको लागि गुणस्तरीय सेवा सुविधाहरु उपलब्ध गरिएको छ । कम्पनीको होटल सेवातर्फ हाल कोभिड–१९ पछि बजारमा आएको उत्साहका कारण औषतमा दैनिक ५० प्रतिशत देखि ६० प्रतिशत कोठाहरु ओक्कुपेन्सी हुने अनुमान गरिएको छ । साथै कम्पनीको रेष्टुरेन्ट तथा बारमा समेत दैनिक १००–१५० संख्याको हाराहारीमा ग्राहकहरु आउने र औषतमा मासिक १०–१५ वटा सेमीनार हलहरु समेत बुकिङ भई विभिन्न प्रकारका सम्मेलन, गोष्ठी, सभा तथा छलफल कार्यक्रमहरु सञ्चालन गर्न सकिने अपेक्षा गरिएको छ । सेवा वितरण गर्ने क्रममा यस कम्पनीको होटल सेवाको लागि विभिन्न होटल बुकिङ्गसँग सम्बन्धित App हरुका साथै अनलाईन माध्यमबाट कोठा बुकिङ्ग गर्न सकिने व्यवस्था गरिएको छ । कोठा र सेमीनार हलको बुकिङ्ग र रेष्टुरेन्ट सेवाको लागि टेलिफोन, इमेल, अनलाईनबाट समेत बुकिङ्ग तथा बिक्री गर्ने व्यवस्था गरिएको छ ।

**(७) उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :**

कोभिड–१९ को महामारी कम भए पश्चात् काठमाण्डौंमा आउने विदेशी पर्यटकहरुको संख्या दिनानुदिन वृद्धि भईरहेको र हालै मात्र होटल सञ्चालनमा आएको यस होटलले बजारमा राम्रो हिस्सा ओगट्ने र ग्राहकहरुलाई राम्रो सुविधा दिन सफल हुने विश्वास गरिएको छ। हाल यस पाँच तारे होटलमा १०४ कोठा, ३ ब्याङ्क्वेट हल, सेमिनार हल (४ वटामा विभाजन गर्न मिल्ने), १८० सिट संख्याको क्षमता भएको रेष्टुरेन्ट तथा २०० वटा दुई पाङग्रे साधन र १०० वटा ४ पाङग्रे सवारी साधनको क्षमता रहेको छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

यस कम्पनीले रेष्टुरेन्ट सेवा प्रदान गर्न विभिन्न खाद्य वस्तुहरु उपभोग गर्ने छ । स्वदेशी, विदेशी तथा स्थानीय रुपमा उपलब्ध हुने खाद्य सामाग्रीहरु थोक बिक्रेताको माध्यमबाट आपूर्ति गरी प्रयोग गर्ने र यसको उपलब्धताका लागि बोलपत्र आव्हान गरी सम्झौता गरिएको छ ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

कम्पनी सेवाग्राहीहरुको लागि गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टि प्रदान गर्न सधैं तत्पर रही आएको छ। कम्पनीले प्रदान गर्ने सेवाको गुणस्तरीयतालाई उच्च राख्न Oracle-Property Management System (PMS) बमोजिम व्यवस्थापनले कार्य गरिरहेको छ ।

**(१०) अनुसन्धान तथा विकास :**

कम्पनीले आगामी दिनका चुनौतीहरु एवं बजार प्रतिस्पर्धालाई आत्मसात गर्दै प्रदान गरिने सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जन गर्ने तथा नयाँ सेवाहरुको उपयुक्तताको सम्बन्धमा सुझाव गुनासो संकलन गर्ने छ र प्राप्त भएका उचित सुझाव तथा गुनासाहरुलाई सम्बोधन गरी सेवा सुविधामा सुधार गरिनेछ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :**

हालसालै जेन्जी द्वारा २०८२/०५/२३ र २०८२/०५/२४ मा आयोजित आन्दोलनका कारण पर्यटन उद्योगमा केही समयसम्म व्यावसायिक असर पर्ने देखिन्छ ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**

सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

नेपालमा हालसम्म यस होटल फरेष्ट इन लि. सहित सोही प्रकृतिका अन्य २० वटा भन्दा बढी होटलहरु पनि सञ्चालनमा रहेको देखिन्छ । हाल नेपालमा २० वटा भन्दा बढी पाँच तारे स्तरका होटलहरु संचालनमा रहेका छन् र सोही होटलहरुमा रेष्टुरेन्ट/बार/ब्याङ्क्वेट हल समेत संचालनमा रहेको देखिन्छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना रहन सक्ने देखिन्छ । यस कम्पनीले प्रदान गरिरहेको सेवा तथा सुविधाले प्रतिस्पर्धाको सम्भावना रहेता पनि पर्यटकहरुको संख्या वार्षिक रुपमा वृद्धि हुँदै जाने प्रक्षेपण गरिएको छ । यस होटल काठमाण्डौ उपत्यका भित्रको सहज लोकेसनमा रहेको तथा होटलको रेष्टुरेन्ट/बार तथा ब्याङ्क्वेटमा समेत दैनिक १००–१५० संख्याको हाराहारीमा ग्राहकहरु आउने र औषतमा मासिक १०–१५ वटा सेमीनार हलहरु समेत बुकिङ भई विभिन्न प्रकारका सम्मेलन, गोष्ठी, सभा तथा छलफल कार्यक्रमहरु सञ्चालन गर्न सकिने रहेको तथा नेपालमा होलिडे इन ब्राण्ड अन्तर्गत संचालिन अन्य होटलहरुको समेत राम्रो व्यवसाय गरिरहेको देखिएको हुँदा समान प्रकृतिका अन्य कम्पनीको भन्दा हालै मात्र संचालनमा आएको यस होटलको भविष्य उज्जवल रहेको देखिन्छ । नेपालमा हालसम्म यस होटल फरेष्ट इन सहित अन्य होटलहरु पनि सञ्चालनमा रहेका र ती मध्ये देहायमा उल्लेखित पाँच तारे होटल र यस होटलको तुलनात्मक स्थिति निम्नानुसार रहेको छ ।

| **क्र. स** | **होटलको नाम** | **होटलको ठेगाना** | **स्तर वर्गीकरण** | **रुम संख्या** | **रेष्टुरेन्ट/ बार/ ब्याङ्क्वेट/ हल** | **होटल परिसरमा क्यासिनो सञ्चालनमा रहे/नरहेका** |
|---|---|---|---|---|---|---|
| (क) | होटल फरेष्ट इन | बुढानिलकण्ठ,काठमाडौं | पाँच तारे | १०४ | रहेको | रहेका |
| **(ख) काठमाण्डौं उपत्यकाभित्र रहेका अन्य प्रतिस्पर्धी होटलहरुको विवरण :** | | | | | | |
| १. | सिटि होटल लि | सोल्टीमोड, काठमाडौं | पाँच तारे | १५३ | रहेको | नरहेका |
| २. | सोल्टी होटल, | सोल्टीमोड,काठमाडौं | पाँच तारे | २८२ | रहेको | रहेको |
| ३. | हायात रिजेन्सी | बौद्ध, काठमाडौं | पाँच तारे | २८० | रहेको | रहेको |
| ४. | ऱ्याडिसन होटल | लाजिम्पाट, काठमाडौं | पाँच तारे | २६० | रहेको | रहेको |
| ५. | भिभान्ता होटल | सानेपा, ललितपुर | पाँच तारे | १०७ | रहेको | नरहेका |
| ६. | अलोफ्ट होटल | ठमेल, काठमाडौं | पाँच तारे | १६७ | रहेको | रहेको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | Ramada Encore by Wyndham | ठमेल, काठमाडौं | पाँच तारे | ९० | रहेको | रहेको |
| ८. | Dusit Princess | लाजिम्पाट, काठमाडौं | पाँच तारे | १०४ | रहेको | नरहेका |

माथि उल्लेखित काठमाण्डौ उपत्यका भित्र रहेका पाँच तारे होटलहरु यस कम्पनीका मुख्य प्रतिस्पर्धीहरु हुन् । हाल संचालनमा रहेका पाँच तारे होटलहरुको विभिन्न पक्षहरुलाई विश्लेषण गर्दा तुलनात्मक रुपमा यस होटलको संचालन अवस्था सन्तोषजनक रहेको तथा यस होटलको व्यवसाय बढ्दो क्रममा रहेको छ । साथै यस कम्पनीले प्रदान गरिरहेको सेवा तथा सुविधा समेत उच्च कोटिको रहेको हुँदा तथा सबैलाई पायक पर्ने लोकेसनमा रहेको र पछिल्लो समयमा यस कम्पनीको व्यवसाय निरन्तर बढ्दो क्रममा रहेको हुँदा आगामी दिनमा व्यवसाय थप तिब्र गतिमा विस्तार गर्ने रणनीति रहेकोले यस कम्पनीको समान प्रकृतिका अन्य कम्पनीहरुको तुलनामा राम्रो रहने देखिन्छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण** :
सो नभएको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)**
: सो नभएको ।

**(१६) संगठित संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत, स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषय वस्तु, इजाजत प्राप्त मिति तथा सो बहाल रहने अवधि खुल्ने गरी तालिकामा प्रस्तुत गर्नुपर्ने :**
कम्पनीले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत, स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषय वस्तु, इजाजत प्राप्त मिति तथा सो वहाल रहने अवधि देहाय बमोजिम रहेको छ :

| क्र. सं. | स्वीकृति/अनुमति/ इजाजत दिने/प्रदान गर्ने निकाय/ संस्था | स्वीकृति/अनुमति/ इजाजतको संक्षिप्त विषय वस्तु | इजाजत प्राप्त मिति (वि.सं.) | स्वीकृति/अनुमति/ इजाजत वहाल रहने अवधि |
|---|---|---|---|---|
| १. | कम्पनी रजिष्ट्रारको कार्यालय | होटल फरेष्ट इन लिमिटेड | २०८०/०५/११ | लागु नहुने । |
| २. | आन्तरिक राजस्व कार्यालय, महाराजगञ्ज, | मु.अ. कर | २०७१/०७/१८ | लागु नहुने । |
| ३. | उद्योग विभाग | उद्योग दर्ता | २०७३/०७/२५ | लागु नहुने । |
| ४. | होटल स्तरिकरण इजाजतपत्र | पर्यटन विभाग | २०८१/०६/२३ | २०८६/०६/२२ |

**(१७) संगठित संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा/नियम संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समितिको निर्णय नं. र मिति, संशोधन स्वीकृत गर्ने साधारण सभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति खुल्ने गरी तालिकामा प्रस्तुत गर्नुपर्नेः**
कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा/नियम संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समितिको निर्णय नं. र मिति, संशोधन स्वीकृत गर्ने साधारण सभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको विवरण देहाय बमोजिम रहेको छ :

(क) प्रवन्धपत्रतर्फ :

| क्र. सं. | संशोधन भएको सम्बन्धित दफा | संशोधनको विषय | सञ्चालक समितिको निर्णय नं./ मिति (वि.सं.) | संशोधन स्वीकृत गर्ने साधारण सभा/ विशेष साधारण सभाको मिति (वि.सं.) | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति (वि.सं.) |
|---|---|---|---|---|---|
| १ | ६(ख),(ग),(घ) | कम्पनीको पुँजीको संरचना | २०८०/०४/०२ | २०८०/०४/३० | २०८०/०५/११ |
| २ | ६(ख),(ग),(घ) | कम्पनीको पुँजीको संरचना | २०८०/०५/१२ | २०८०/०६/०४ | २०८०/०७/०२ |
| ३ | ६(ग),(घ) र (ङ) | कम्पनीको पुँजीको सरंचना | २०८१/११/२२ | २०८१/१२/०८ | २०८२/०३/१८ |

(ख) नियमावलीतर्फ :

| क्र. सं. | संशोधन भएको सम्बन्धित नियम | संशोधनको विषय | सञ्चालक समितिको निर्णय नं./मिति(वि.सं.) | संशोधन स्वीकृत गर्ने साधारण सभा/विशेष साधारण सभाको मिति (वि.सं.) | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति (वि.सं.) |
|---|---|---|---|---|---|
| १ | नियम २७ (२) | सञ्चालक समिति | २०८०/०५/२० | २०८०/०६/०६ | २०८०/०७/०२ |
| २ | नियम २७ (२) र (८) | सञ्चालक समितिको संरचना | २०८०/०८/१५ | २०८०/०९/०१ | २०८०/०९/०३ |
| ३. | नियम २७ (२) र (८) | सञ्चालक समितिको संरचना | २०८१/०३/११ | २०८१/०३/२८ | २०८१/०४/१७ |

## ग.३.ख.सम्पत्तिको विवरण

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः**

हालसम्म कम्पनीको नाममा सृजना भइसकेको चल अचल सम्पत्तिको अवस्था तल उल्लेख भए बमोजिम रहेको छ :

| विवरण | आषाढ मसान्त, २०८०/८१ | आषाढ मसान्त, २०८१/८२ | सम्पत्तिको अवस्थाः |
|---|---|---|---|
| जग्गा | ८६९,४३०,००० | ८६९,४३०,००० | हाल चालु अवस्थामा रहेको – |
| **पूँजी कार्यगत सम्पत्ति** | २,६९६,५२९,६२३ | - | |
| **भवन** | - | २,९३२,५८८,२१३ | |
| **फर्निचर तथा फिक्स्चर्स** | ९५२,००३.७४ | १०४,७९१,९३१ | |
| **प्लान्ट एण्ड मेसिनरी** | ५२७,३१८ | २४८,९३१,८८९ | |
| अमूर्त सम्पत्ति | ४,४८३ | ११,४१०,५७२ | |
| सवारी साधन | ५१७,६१४ | ४,१३५,४०३ | |
| **जम्मा** | **३,५६७,९६१,०४२** | **४,१७१,२८८,००८** | |

उपरोक्त सम्पत्ति यस कम्पनीको रजिष्टर्ड कार्यालय एवं कारोबार गर्ने मुख्य स्थानमा अवस्थित रहेका छन् ।

**होटल संचालनको लागि निर्माण गरिएको भवनको विवरण देहाय बमोजिम रहेको छन् :**

| क्र.सं. | भवनको नाम | क्षेत्रफल (वर्ग मिटर) | प्रयोग सम्बन्धी विवरण |
|---|---|---|---|
| १. | ब्लक ए, बी | ३०६८.१ | पाहुना कोठाहरू र बागद्वार हल । |
| २. | ब्लक सी | ६१६२.०२ | होटल लबी, रिसेप्शन, क्याफ, नागार्जुन - दिनभरि खाना खाने सुविधा, सुन्दरीजल हल, शिवपुरी हल, अतिथि कोठाहरू, मेकोङ एसियाका स्वादहरू - एसियाली रेस्टुरेन्ट र किड्स क्लब । |
| ३. | ब्लक डी | ८१९.२ | किचेन ब्लक । |
| ४. | ब्लक ई | २५३.०३५ | इन्जिनियरिङ्ग ब्लक । |
| ५. | ब्लक स्पा | ५०६.०७ | स्पा तथा व्यायमशाला ब्लक । |

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** होटल निर्माण तथा सञ्चालनका लागि खरिद गरिएको कम्पनीको नाममा रहेको जग्गाहरुको विवरण :–

| सि.नं. | विवरण | कित्ता नं. | क्षेत्रफल (वर्ग मिटर) | जग्गाधनीको नाम |
|---|---|---|---|---|
| १ | जग्गा | ४५ | ४,७९५.२३ | होटल फरेष्ट इन लिमिटेड । |
| २ | जग्गा | १११ | ४,३९७.०० | |
| ३ | जग्गा | १०५ | ५४०.०० | |
| ४ | जग्गा | १०९ | ४३७.०० | |
| | | **जम्मा** | **१०,१६९.२३** | |

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**
माथि उल्लिखित तालिका बमोजिम कित्ता नं. ४५, १११, १०५ र १०९ को जग्गा सहवित्तीयकरण कर्जा (Consortium Loan) को लागि नबिल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक लि., कुमारी बैंक लि. र कर्मचारी सञ्चय कोषको संयुक्त नाममा दृष्टिबन्धक गरी मालपोत कार्यालय चावहिलमा रोक्का राखिएको छ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** सो नभएको ।

**(ङ) सम्पत्तिको मूल्याङ्कन गरिएको तरिका सम्बन्धी विवरण :**
बुढानिलकण्ठ, काठमाण्डौ स्थित कम्पनीको नाममा रहेको १९-१५-३-१-२३ (१०,१६९.२३ Sq.m.) Blue Print No. 102-0829-01 जग्गाको परल मूल्य रु.१३१,२०९,१२३/- को पुनर्मूल्यांकन गरी रु. ८६९,४३०,०००/- कायम गरिएको छ । उक्त जग्गा पुनर्मूल्यांकनका सम्बन्धमा स्वतन्त्र भ्यालुएटरबाट मूल्याङ्कन गरिएको र स्वतन्त्र भ्यालुएटरबाट बजार मूल्य, सरकारी मूल्य र Distress Value को आधारमा मूल्यांकन गरिएको छ ।

## ग.३.ग. भावी योजना तथा रणनीति :

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

(क) यस होटल फरेष्ट इन आंसिक रुपमा मिति २०८१ साल श्रावण १ गते देखि ३९ ओटा कोठा, मिति २०८१ साल पौष २५ गतेदेखि २७ ओटा कोठा र मिति २०८१ साल चैत्र २५ गते देखि ३८ ओटा कोठा गरी हाल जम्मा १०४ ओटा कोठा सहित रेष्टुरेन्ट, सेमिनार हल, ब्याङ्क्वेट हल समेत संचालनमा रहेको छ ।

(ख) होटलको व्यवसाय विस्तार तथा ब्रान्डिङ्गको लागि प्रचार प्रसार गर्ने रणनीति रहेको छ ।

(ग) होटलको व्यवसाय विस्तारको लागि स्वदेश तथा विदेशमा प्रचार प्रसार गरी आक्रमक रुपमा होटलको व्यवसाय विस्तार गर्ने रणनीति रहेको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य:**
यस कम्पनीको प्रतिस्पर्धी हाल नेपालमा संचालमा रहेको पाँच तारे होटलहरु नै यस होटेलको मुख्य प्रतिस्पर्धी हुन् । पछिल्लो समयमा होटल व्यवसाय विस्तारै लयमा फर्किदै गएको देखिन्छ । फलस्वरुप धितोपत्रको दोश्रो बजारमा सूचिकृत होटल क्षेत्रका कम्पनीहरुको शेयरको बजार मूल्य समेत बढ्दो क्रममा रहेको देखिन्छ । यसै सन्दर्भमा यस होटल फरेष्ट इन लिमिटेडको आंशिक रुपमा मिति २०८१ साल श्रावण १ गते देखि ३९ ओटा कोठा, मिति २०८१ साल पौष २५ गतेदेखि २७ ओटा कोठा र मिति २०८१ साल चैत्र २५ गते देखि ३८ ओटा कोठा गरी हाल जम्मा १०४ ओटा कोठा व्यवसायिक रुपमा संचालनमा रहेको छ । यस कम्पनीको होलिडे इन ब्राण्डका हाल ५ वटा ब्राण्डहरु मध्ये फरेष्ट इन लिमिटेडको गुणस्तर सेलेक्ट सर्भिस अन्तर्गत अपस्केल वर्गीकरणमा रही मुख्यतया बिजनेस क्लासका आगन्तुकहरुको चाहना अनुसार सेवा सुविधाहरु उपलब्ध गराउने र आनन्ददायी यात्रा तथा पारिवारिक भ्रमणका लागि आउने विदेशी तथा स्वदेशी ग्राहकहरुको लागि गुणस्तरीय सेवा सुविधाहरु उपलब्ध गराउने रहेको तथा पछिल्लो

समयमा औषतमा दैनिक ५० प्रतिशत देखि ६० प्रतिशत कोठाहरु ओक्कुपेन्सी (Occupancy) हुने गरेको र आगामी दिनमा उक्त दरमा वृद्धि हुने अनुमान गरिएको हुँदा यस होटलको व्यवसायमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ। यस होटल काठमाण्डौ उपत्यका भित्रको सहज स्थानमा रहेको तथा होटलको रेष्टुरेन्ट तथा बारमा समेत दैनिक १००–१५० संख्याको हाराहारीमा ग्राहकहरु आउने र औषतमा मासिक १०–१५ वटा सेमीनार हलहरु समेत बुकिङ भई विभिन्न प्रकारका सम्मेलन, गोष्ठी, सभा तथा छलफल कार्यक्रमहरु सञ्चालन गर्न सकिने रहेको हुँदा समान प्रकृतिका अन्य कम्पनीको भन्दा यस होटलको भविष्य उज्जवल रहेको छ। नेपालमा हालसम्म यस होटल फरेष्ट इन सहित अन्य होटलहरु पनि सञ्चालनमा रहेका र ती मध्ये देहायमा उल्लेखित पाँच तारे होटल र यस होटलको तुलनात्मक स्थिति निम्नानुसार रहेको छ।

| **क. स** | **होटलको नाम** | **होटलको ठेगाना** | **स्तर वर्गीकरण** | **रुम संख्या** | **रेष्टुरेन्ट/बार/ब्याङ्क्वेट हल** | **होटल परिसरमा क्यासिनो सञ्चालनमा रहे/नरहेका** |
|---|---|---|---|---|---|---|
| (क) | होटल फरेष्ट इन | बुढानिलकण्ठ,काठमाडौ | पाँच तारे | १०४ | रहेको | रहेका |
| **(ख) काठमाण्डौं उपत्यकाभित्र रहेका अन्य प्रतिस्पर्धी होटलहरुको विवरण :** | | | | | | |
| १. | सिटि होटल लि | सोल्टीमोड, काठमाडौ | पाँच तारे | १५३ | रहेको | नरहेका |
| २. | सोल्टी होटल, | सोल्टीमोड,काठमाडौं | पाँच तारे | २८२ | रहेको | रहेको |
| ३. | हायात रिजेन्सी | बौद्ध, काठमाडौं | पाँच तारे | २८० | रहेको | रहेको |
| ४. | ऱ्याडिसन होटल | लाजिम्पाट, काठमाडौं | पाँच तारे | २६० | रहेको | रहेको |
| ५. | भिभान्ता होटल | सानेपा, ललितपुर | पाँच तारे | १०७ | रहेको | नरहेका |
| ६. | अलोफ्ट होटल | ठमेल, काठमाडौं | पाँच तारे | १६७ | रहेको | रहेको |
| ७. | Ramada Encore by Wyndham | ठमेल, काठमाडौं | पाँच तारे | ९० | रहेको | रहेको |
| ८. | Dusit Princess | लाजिम्पाट, काठमाडौं | पाँच तारे | १०४ | रहेको | नरहेका |

माथि उल्लेखित काठमाण्डौ उपत्यका भित्र रहेका पाँच तारे होटलहरु यस कम्पनीका मुख्य प्रतिस्पर्धीहरु हुन्। हाल संचालनमा रहेका पाँच तारे होटलहरुको विभिन्न पक्षहरुलाई विश्लेषण गर्दा तुलनात्मक रुपमा यस होटलको संचालन अवस्था सन्तोषजनक रहेको तथा यस होटलको व्यवसाय बढ्दो क्रममा रहेको छ। साथै यस कम्पनीले प्रदान गरिरहेको सेवा तथा सुविधा समेत उच्च कोटिको रहेको हुँदा तथा सबैलाई पायक पर्ने लोकेसनमा रहेको र पछिल्लो समयमा यस कम्पनीको व्यवसाय निरन्तर बढ्दो क्रममा रहेको हुँदा आगामी दिनमा व्यवसाय थप तिव्र गतिमा विस्तार गर्ने रणनीति रहेकोले यस कम्पनीको समान प्रकृतिका अन्य कम्पनीहरुको तुलनामा राम्रो रहने देखिन्छ।

## ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहने सञ्चालक समिति देहाय बमोजिम रहने उल्लेख छ :

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित (महिला सहित) | ४ (चार) जना |
| सर्वसाधारण शेयरधनीको तर्फबाट | २ (दुई) जना |
| स्वतन्त्र सञ्चालक | १ (एक) जना |
| **जम्मा** | **७ (सात) जना** |

सर्वसाधारणमा शेयर निष्काशन तथा बाँडफाँड पश्चात् सोही बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ। कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा ५० (पचास) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनुपर्नेछ तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुनेछैन भन्ने व्यवस्था रहेको छ। संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ।

## ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**(क) अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००/- (अक्षरेपी दुई अर्ब) रहेको छ । उक्त पूँजीलाई रु.१००/- अंकित दरका २,००,००,००० (दुई करोड) कित्ता शेयरमा विभाजन गरिएको छ ।

**(ख) जारी पूँजी :** कम्पनीको जारी पूँजी रु.२,००,००,००,०००/- (अक्षरेपी दुई अर्ब मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- अंकित दरका २,००,००,००० (दुई करोड मात्र) कित्ता शेयरमा विभाजन गरिएको छ ।

**(ग) चुक्ता पूँजी :** कम्पनीले आफ्नो जारी पूँजी मध्ये रु.१,६०,००,००,०००/- (अक्षरेपी एक अर्ब साठी करोड) संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको तथा बाँकी रु.४०,००,००,०००/- (अक्षरेपी चालिस करोड) बराबरको रु.१००/- अंकित दरका ४०,००,००० कित्ता साधारण शेयर (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरु, सामूहिक लगानी कोष र कम्पनीका कर्मचारीहरुलाई छुट्टाइएको सहित) सर्वसाधारणहरुमा निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,००,००,००,०००/- (अक्षरेपी दुई अर्ब) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ :**

| सि.नं. | आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) |
|---|---|---|---|---|
| १. | २०६७/०६८ | ५,००,००,०००।- | ४,००,००,०००।- | १,००,००,००० ।- |
| २. | २०६९/०७० | ५,००,००,०००।- | ४,००,००,०००।- | ४,००,००,०००।- |
| ३. | २०७२/०७३ | २५,००,००,०००।- | २०,००,००,०००।- | १०,००,००,०००।- |
| ४. | २०७३/०७४ | २५,००,००,०००।- | २०,००,००,०००।- | १६,५०,००,०००।- |
| ५. | २०७५/०७६ | ५५,००,००,०००।- | ५२,००,००,०००।- | १६,५०,००,०००।- |
| ६. | २०७८/०७९ | ८०,००,००,०००।- | ८०,००,००,०००।- | ५४,३२,२१,९००।- |
| ७. | २०७९/०८० | ८०,००,००,०००।- | ८०,००,००,०००।- | ७१,३४,०३,३००।- |
| ८. | २०८०/०८१ | २,००,००,००,०००।- | १,३९,८८,३०,०००।- | ७१,३४,०३,३००।- |
| ९. | २०८०/०८१ | २,००,००,००,०००।- | २,००,००,००,०००।- | १,०२,००,००,०००।- |
| १०. | २०८१/०८२ | २,००,००,००,०००।- | २,००,००,००,०००।- | १,६०,००,००,०००।- |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको पवबन्धपत्रको दफा ६ मा उल्लेख गरिएको शेयर पूँजी मध्ये संस्थापक शेयरधनी तथा तपसिल बमोजिम अन्य समूहहरुमा धितोपत्र निष्काशन भई बाँडफाँड भए पश्चात् कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

| क्र.सं. | विवरण | शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | १,६०,००,००० | १,६०,००,००,००० | ८०% | शतप्रतिशत |
| २. | सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरु, कम्पनीका कर्मचारीहरु समेत) | ४०,००,००० | ४०,००,००,००० | २०% | सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड पश्चात् भुक्तानी हुने । |
| | **जम्मा** | **२००,००,०००** | **२,००,००,००,०००** | **१००%** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :**

कम्पनीको शेयर प्रिमियम खाता (निष्काशन पूर्व) रु.८,९९,००,०००।- रहेको ।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

### ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमि :

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**आधारभूत शेयरधनीको विवरण**

| सि.नं. | नाम र पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शेयर स्वामित्व * (%) | शैक्षिक योग्यता | प्रस्तावित व्यवसाय संग सम्बन्धित अनुभव | अन्य व्यवसायीक कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री बिनिता थापा (अध्यक्ष) | ४५ | नेपाली | भाषी-५, सुनसरी | ३३,०२,९६८ | २०.६५ | स्नातक (मानविकी) | लैनचौर ब्याङ्क्वेट प्रा.लि. मा अध्यक्षको रुपमा मिति २०७४ देखि २०८१ सम्मको कार्यअनुभव हासिल गर्नु भएको । | १.संचालकः मेन्छियाम हाइड्रोपावर लि. (मिति २०७९।०४।१० देखि हाल सम्म)<br>२. अध्यक्ष : हिमालय ट्रेक प्रा.लि., (मिति २०७९।०४।१० देखि हाल सम्म) |
| २ | श्री दिपक खड्का | ५२ | नेपाली | बुढानिलकण्ठ-१ काठमाण्डौं | ३१,७२,६३२ | १९.८२ | स्नातकोत्तर (मानविकी) | १. होटल फरेष्ट इन लिमिटेडमा संस्थापक अध्यक्षको रुपमा ४ वर्ष कार्य गर्नुभएको । | १. संस्थापक : संखुवासभा आधुनिक कृषि कम्पनी प्रा.लि.<br>२. अध्यक्ष : मकालु बरुण एग्रो कनर्शन प्रा.लि. ।<br>३.पूर्व अध्यक्षः देवि हाइड्रोपावर लि.<br>४. पूर्व अध्यक्ष : मेन्छियम हाइड्रोपावर कम्पनी लिमिटेड । |
| ३ | श्री त्रिशक्ति ईक्युटी फण्ड लि. | - | नेपाली | का.म.न.पा.-३० | १२,४०,००० | ७.७५ | लागु नहुने । | लागु नहुने । | लागु नहुने । |
| ४ | श्री चार्टर्ड क्यापिटल एण्ड इन्भेष्टमेन्ट लि. | - | नेपाली | चावहिल | ४,२४,८८० | २.६५ | लागु नहुने । | लागु नहुने । | लागु नहुने । |
| ५ | लेखा श्रेष्ठ | ४६ | नेपाली | का.म.न.पा.-३० | ४,१८,८०० | २.६१ | स्नातक | छैन | प्रोपाइटरः कृष्टल क्लिनिङ्ग सर्भिस |
| ६ | श्री सिटी एक्सप्रेस इन्भेष्टमेन्ट फण्ड प्रा.लि. | - | नेपाली | का.म.न.पा.-२८ | ३,००,००० | १.८७५ | लागु नहुने । | लागु नहुने । | लागु नहुने । |
| ७ | श्री महेश श्रेष्ठ | ५१ | नेपाली | का.म.न.पा.-३२ | २,६२,८४० | १.६४ | स्नातक | छैन । | नेपाल आयूर्वेद रोग निवारण संस्थामा अध्यक्षको रुपमा कार्यरत ।<br>अध्यक्ष : जेनिथ ओभरसिज कन्सल्टेन्ट प्रा.लि.<br>अध्यक्ष : क्लिन प्रो.प्रा.लि. |
| ८. | श्री राजेन्द्र बिकम पौडेल | ५३ | नेपाली | आँधिखोला -२, स्याङ्जा | २,५०,००० | १.५६ | स्नातक | छैन | संस्थापकः इष्ट लिंक मोटर्स प्रा.लि.<br>प्रर्बद्धकः कान्जिरोवा उच्च मा.बि.<br>प्रर्बद्धकः प्रभु बैंक लि. |

## सञ्चालकहरुको विवरण

| सि.नं. | नाम, | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शेयर स्वामित्व (प्रतिशतमा) | नियुक्तः मिति तथा बहाल रहने मिति | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/व्यवसायकअनुभव | अन्य कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री बिनिता थापा | अध्यक्ष | ४५ | नेपाली | भाषी-५, सुनसरी | ३३,०२,९६८ | २०.६५ | २०८०।०६।०४ (४ वर्ष) | स्नातक (मानविकी) | लैनचौर ब्याङ्क्वेट प्रा.लि. मा अध्यक्षको रुपमा मिति २०७४ देखि २०८१ सम्मको कार्यअनुभव हासिल गर्नु भएको। | १.संचालकः मेन्छियाम हाइड्रोपावर लि. (मिति २०७९।०४।१० देखि हाल सम्म) २. अध्यक्ष : हिमालय ट्रेक प्रा.लि., (मिति २०७९।०४।१० देखि हाल सम्म) |
| २. | श्री अमर थापा | संचालक | ५१ | नेपाली | बिराटनगर -१२, मोरङ्ग | १,५०,००० | ०.९३ | २०८०।०६।०४ (४ वर्ष) | स्नातक | छैन । | १. निर्देशक, अमर निर्माण सेवा (२०६३ पौष ०९ देखि हालसम्म) २. अध्यक्ष, दिव्य काठ उद्योग प्रा.लि. (२०६६ कार्तिक देखि हालसम्म ) ३.संचालक, मिड अल्पाइन हाइड्रो प्रा.लि. (२०७६ बैशाख देखि हालसम्म ) ४. संचालक, गोदावरी कङ्क्रिट ब्लक उद्योग प्रा.लि. (२०७८ बैशाख देखि हालसम्म) |
| ३. | श्री चन्द्र सिंह साउद | संचालक | ५४ | नेपाली | थालाकाडा, बैतदी | १,२१,४२० | ०.७५ | २०८०।०६।०४ (४ वर्ष) | स्नातकोत्तर (व्यवस्थापन) | छैन । | १.नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडमा अध्यक्षको रुपमा अनुभव । (२०८२।०२।१२ देखि हाल सम्म) २.चार्टर्ड क्यापिटल एण्ड इन्भेष्टमेन्ट लिमिटेडमा कार्यकारी अध्यक्षको रुपमा कार्य अनुभव । (२०७३।०५।२९ देखि हाल सम्म) ३.नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडमा सञ्चालक सदस्यको रुपमा कार्य अनुभव । (२०७९।०२।३० देखि २०८२।०२।१३ सम्म) ४.नेपाल स्टक एक्सचेन्ज लिमिटेड (NEPSE) मा प्रमुख कार्यकारी अधिकृत (CEO) को रुपमा कार्य अनुभव । (२०७४।०६।२५ देखि २०७८।०५।२५ सम्म) ५. सिटिजन इन्भेष्टमेन्ट ट्रस्ट (CIT) मा सञ्चालक मण्डल सदस्यको रुपमा कार्य अनुभव । (२०७४।०६।२५ देखि २०७८।०५।२५ सम्म) ६. सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा अध्यक्षको रुपमा कार्य अनुभव । (२०७४।०६।२५ देखि २०७८।०५।२५ सम्म) ७. इन्भेष्टरस् प्रोटेक्सन फण्डमा सञ्चालक मण्डल सदस्यको रुपमा कार्य अनुभव। (२०७४।०६।२५ देखि २०७८।०५।२५ सम्म) ८. नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य अनुभव । (२०१५।०२।२८देखि २०१६।०७।०४ सम्म) |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | श्री रिङकु निरौला | संचालक | ३४ | नेपाली | बेलबारी-१, मोरङ्ग | १८,४२० | ०.११ | २०८०।०६।०४ (४ वर्ष) | स्नातक ( व्यवस्था | विगत ५ वर्ष देखि होटल क्षेत्रमा संलग्न रहन् | छैन। |
| ५. | श्री प्रल्हाद राज कुँवर | स्वतन्त्र संचालक | ६९ | नेपाली | का.म.न.पा. वडा. नं. १३ | - | - | २०८०।०६।०४ (४ वर्ष) | स्नातकोत्तर | १. सल्लाहकार - नेपाल क्षेत्र, लड्र्स ग्रुप अफ होटल्स (२०७८ देखि - २०७९ सम्म)<br>२. मुख्य कार्यकारी अधिकारी (Chief Operating Officer), होटल हिमालय, काठमाडौं (२०७२ देखि - २०७७ सम्म)<br>३. महाप्रबन्धक, एभरेष्ट होटल, काठमाडौं (५-तारे) ( २०७० देखि - २०७२ सम्म)<br>४. महाप्रबन्धक, होटल र्‍याडिसन, काठमाडौं (२६० कोठा, ५-तारे डिलक्स) (२०६९ देखि - २०७० सम्म)<br>५. महाप्रबन्धक, होटल याक एण्ड येति, काठमाडौं (ऐतिहासिक ५-तारे, २४६ कोठा) २०६५ देखि - २०६८ सम्म) | |

***हाल चुक्ता रकमको आधारमा गणना गरिएको ।**

## ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

| क्र.सं. | संगठित संस्थाको नाम र ठेगाना | संक्षिप्त विवरण | ग्रहण गरेको शेयर संख्या | संगठित संस्थाको संचालकहरुको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | चार्टर्ड क्यापिटल एण्ड इन्भेष्टमेन्ट लि. चावहिल, काठमाण्डौ । | चार्टर्ड क्यापिटलको प्रमुख उद्देश्यहरुमा<br>(क) नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, बचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने ।<br>(ख) वस्तु विनिमय बजार संचालन गर्ने तथा सोको उपकरणहरुमा लगानी गर्ने ।<br>(ग)जलविद्युत उत्पादन, प्रसारण तथा वितरण जस्ता क्षेत्रमा लगानी गर्ने ।<br>(घ)घरजग्गा विकास तथा लिजिङ सम्बन्धी कार्य गर्ने ।<br>(ङ) लिलाम तथा बिक्रीमा राखिएका विभिन्न औद्योगिक एवंम व्यवसायिक चल अचल सम्पत्ति खरिद बिक्री वा लगानी गर्ने ।<br>(च) विदेशी लागनी तथा प्रविधि हस्तान्तरण एवंम व्यवस्थापनका लागि कम्पनीको उद्देश्यसंग मेल खाने खालका स्वदेशी वा विदेशी कम्पनीलाई रणनीतिक साझेदारका रुपमा भित्रयाउने ।<br>(छ) एजेन्सी सम्बन्धी कार्य गर्ने ।<br>(ज) वित्तीय तथा विविध गैरवित्तीय क्षेत्रलाई आवश्यक आर्थिक व्यवस्थापकीय कानूनी, प्रशासनिक, प्राविधिक तथा अन्य क्षेत्रसंग सम्बन्धित परामर्श सेवाहरु प्रदान गर्ने ।<br>(ञ) क्षमता विकास तथा अभिबृद्धिका कार्यक्रम संचालन गर्ने ।<br>(ट) कम्पनीको उद्देश्य पूर्ति गर्न आवश्यक अन्य कार्य गर्ने उद्देश्यका साथ स्थापना भएको कम्पनी हो । | ४,२४,८८० | **अध्यक्ष :**<br>श्री चन्द्र सिंह साउद,थालाकाडा ९, बैतडी ।<br>**संचालक :**<br>श्री ठाकुर प्रसाद पौडेल,ललितपुर वडा नं. १३ ।<br>श्री दुर्गा प्रसाद नेपाल, काठमाण्डौ ६ ।<br>श्री ज्ञानेन्द्र श्रेष्ठ, काठमाण्डौ ६ ।<br>श्री सुसिला कुमारी बोहोरा, काठमाण्डौ ६ । |
| २. | सिटी एक्सप्रेस इनभेष्टमेन्ट फण्ड प्रा.लि., का.म.न.पा.-२८ | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, बचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदी । | ३,००,००० | **अध्यक्ष :** श्री डोलराज शर्मा, काठण्माडै<br>**प्रबन्ध निर्देशक** : श्री चन्द्र टण्डन, काठमाण्डौ<br>**संचालक :** श्री महेश कुमार श्रेष्ठ, काठमाण्डौ |
| ३. | त्रिशक्ति ईक्युटी फण्ड लि., का.म.न.पा.-३० | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, वचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदी । | १२,४०,००० | **अध्यक्ष :** श्री टंक प्रसाद गौतम, काठमाण्डौ<br>**प्रबन्ध संचालक :** श्री मनोज खड्का, काठमाण्डौ<br>**संचालक :**<br>श्री गोबिन्द दाहाल<br>श्री उषा घिमिरे<br>श्री केशव महत |

| क्र.सं. | संगठित संस्थाको नाम र ठेगाना | संक्षिप्त विवरण | ग्रहण गरेको शेयर संख्या | संगठित संस्थाको संचालकहरुको नाम र ठेगाना |
|---|---|---|---|---|
| ४. | ज्यागुवार इन्भेष्टमेन्ट्स् प्रा.लि., का.म.न.पा.-१४ | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्ने लगायत वित्तीय बजार कारोबारसँग सम्बन्धित क्रियाकलापहरु गर्ने उद्देश्य सहित संचालन भइरहेको छ। | ११,२०० | **अध्यक्ष :** श्री ध्रुव रुद्र कर्मचार्य, काठमाडौँ<br>**प्रबन्ध संचालक :** श्री निरज रुद्र कर्मचार्य, काठमाडौँ<br>**संचालक :**<br>श्री सुषिला श्रेष्ठ, ललितपुर<br>श्री सबल तुलाधर, काठमाडौँ<br>श्री निर्वाण रत्न शाक्य, काठमाडौँ |
| ५. | क्रेडिबल इन्भेष्टमेन्ट प्रा.लि., का.म.न.पा.-१० | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्ने लगायत वित्तीय बजार कारोबारसँग सम्बन्धित क्रियाकलापहरु गर्ने उद्देश्य सहित संचालन भइरहेको छ | ६२,५०० | **अध्यक्ष :** श्री दिपक प्रसाद आचार्य, धनकुटा<br>**संचालक :**<br>श्री प्रशान्त सुवेदी, बारा<br>श्री पुजा भट्टराई, सुनसरी |
| ६. | मणिमुकुन्द इन्भेष्टमेन्ट ग्रुप प्रा.लि., का.म.न.पा.-१६ | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्ने लगायत वित्तीय बजार कारोबारसँग सम्बन्धित क्रियाकलापहरु गर्ने उद्देश्य सहित संचालन भइरहेको छ | १०,००० | **अध्यक्ष :**<br>श्री रोमनाथ ज्ञवाली<br>**संचालक :**<br>श्री सुर्य बहादुर क्षेत्री<br>श्री चक्रपाणी भण्डारी<br>श्री शालिकराम बेल्बासे<br>श्री ज्ञानेन्द्र न्यौपाने<br>श्री अर्जुन कुमार आचार्य<br>श्री विष्णु प्रसाद ज्ञवाली<br>श्री मनिषा ज्ञवाली |
| ७. | जेनेसिस भेन्चर्स प्रा.लि., विराटनगर, सुनसरी | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, वचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदी । | १,५०,००० | **संचालक :**<br>श्री अनुपम राठी, विराटनगर, मोरङ्ग |
| ८. | ग्लोबेको प्रा.लि., का.म.न.पा.-११ | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्ने लगायत वित्तीय बजार कारोबारसँग सम्बन्धित क्रियाकलापहरु गर्ने उद्देश्य सहित संचालन भइरहेको छ | १,००,००० | **अध्यक्ष :** श्री जीब नाथ लामिछाने, चितवन,<br>**संचालक :**<br>श्री रञ्जित कुमार महतो, धनुषा<br>श्री चन्द्र टण्डन, काठमाण्डौ<br>श्री रविन्द्र जंग लामिछाने, पर्वत<br>श्री भुपण घिमिरे, चितवन<br>श्री कृष्ण प्रसाद पाण्डे, अर्घखाँची |
| ९. | एल.एम.टी. होल्डिङ्गस् प्रा.लि., का.म.न.पा.-२८ | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, वचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदी । | ५०,००० | **अध्यक्ष :** श्री चन्द्र टण्डन, काठमाण्डौ |
| १०. | सर्वोत्तम क्यापिटल लिमिटेड, का.म.न.पा.-३२ | क) धितोपत्र, बचतपत्र, ऋणपत्र, वण्ड, डिबेन्चर, सामूहिक लगानी कोष तथा पूँजी बजारका अन्य साधनमा लगानी गर्ने ।<br>ख) वस्तु विनिमय बजार संचालन गर्ने र त्यसमा लगानी गर्ने ।<br>ग) जलविद्युत उत्पादन, प्रसारण र वितरणमा लगानी गर्ने ।<br>घ) घरजग्गा विकास तथा लिजिङ गर्ने ।<br>ङ) लिलामी वा बिक्रीमा रहेका औद्योगिक तथा व्यवसायिक सम्पत्ति खरिद, बिक्री वा लगानी गर्ने ।<br>च) विदेशी लगानी, प्रविधि हस्तान्तरण र व्यवस्थापनका लागि रणनीतिक साझेदारी गर्ने ।<br>छ) एजेन्सी सम्बन्धी कार्य गर्ने।<br>ज) वित्तीय तथा गैरवित्तीय क्षेत्रमा आर्थिक, कानूनी, प्राविधिक र प्रशासनिक परामर्श सेवा दिने ।<br>ञ) क्षमता विकास तथा अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।<br>ट) कम्पनीको उद्देश्य पूर्ति गर्न आवश्यक अन्य काम गर्ने। | ५०,००० | **अध्यक्ष :** श्री विष्णु प्रसाद न्यौपाने, रुपन्देही<br>**संचालक :**<br>श्री दिवस न्यौपाने, काठमाडौँ<br>श्री अंकुर न्यौपाने, काठमाडौँ<br>श्री विवेश खरेल, रुपन्देही<br>श्री केशब दीप थपलिया, काठमाडौं<br>स्वतन्त्र संचालक :<br>श्री संजोग दुलाल, सलाही |
| ११. | एम एन एस पी इन्भेष्टमेन्ट कम्पनी | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्नेउद्देश्य सहित संचालन भइरहेको छ । | ३,००० | **अध्यक्ष :** श्री पुजन कार्की<br>**संचालक** |

| क्र.सं. | संगठित संस्थाको नाम र ठेगाना | संक्षिप्त विवरण | ग्रहण गरेको शेयर संख्या | संगठित संस्थाको संचालकहरुको नाम र ठेगाना |
|---|---|---|---|---|
| | प्रा.लि., बढानिलकण्ठ ०६, काठमाडौं | | | श्री मनिष थपलिया (प्रबन्ध<br>श्री सबिन थापा<br>श्री नयन मल्ल<br>श्री प्रज्वल राज सुवेदी<br>श्री उमेश अधिकारी |
| १२. | ओन ब्रदर्श इन्भेष्टमेन्ट कम्पनी प्रा.लि., चन्द्रगिरि ०७, काठमाडौं | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्नेउद्देश्य सहित संचालन भइरहेको छ। | ५,००० | **अध्यक्ष :**<br>श्री प्रमोद रुपाखेती, धादिङ्ग<br>**संचालक :**<br>श्री जनक तिमल्सीना, नुवाकोट<br>श्री निक्की श्रेष्ठ, चितवन<br>श्री श्रीराम चालिसे, धादिङ्ग<br>श्री सुमन सापकोटा, धादिङ्ग |
| १३. | आईब्रोक्स इन्टरनेशनल प्रा.लि., का.म.न.पा.-०४ | कम्पनी ऐन २०६३ अन्तर्गत मिति २०७६- ११-२३ (दर्ता नं. १५५७२८/००७४) मा दर्ता भएको आईब्रोक्स ईन्टरनेशनल प्रा. लि. नेपालको विविध सामानहरुको थोक व्यापार साथै अन्य अध्ययन, अनुसन्धान तथा परामर्श सेवाहरु प्रदान गर्ने संस्थाको रुपमा रहेको छ। | ७७,४७५ | **अध्यक्षः** श्री सत्य नारायण तोदी, विराटनगर<br>**संचालकः** श्री विनय कुमार तोदी,विराटनगर |
| १४. | शेयरसेवा होल्डिंग्स प्रा.लि., मध्यपुर ठिमी ०४, भक्तपुर | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, वचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदि। | ८,३८९ | **अध्यक्षः** श्री सुरेन्द्र नेपाल, काठमाडौं<br>**प्रबन्ध संचालक :** श्री सिजन बज्राचार्य, भक्तपुर |
| १५. | द्रव्यमाक्स भेन्चर लि., का.म.न.पा.-०२ | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, वचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदि। | १५,००० | **अध्यक्ष :** श्री जसोदा कर्माचार्य, काठमाडौं<br>**संचालक :**<br>श्री लक्ष्मी प्रसाद दुवाल, काठमाडौं<br>श्री दिग्विजय बिष्ट, काठमाडौं<br>श्री सुदिन बैद्य, ललितपुर |
| १६. | टेनेक्स इन्भेष्टमेन्टस् कम्पनी प्रा.लि., मध्यपुर ठिमी ०१, भक्तपुर | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्नेउद्देश्य सहित संचालन भइरहेको छ। | ५,००० | **अध्यक्षः** श्री कुमार घिमिरे<br>**संचालकः** श्री शंकर बहादुर घिमिरे |
| १७. | जि.एल.एस.इन्भेष्टमेण्ट कम्पनी प्रा.लि., ललितपुर १०, | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्नेउद्देश्य सहित संचालन भइरहेको छ। | १५,००० | **अध्यक्षः** श्री गजेन्द्र लाल श्रेष्ठ, ललितपुर |
| १८. | परमार्थ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि., मध्यपुर ठिमी ०२, भक्तपुर | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्नेउद्देश्य सहित संचालन भइरहेको छ। | २४,००० | **प्रबन्ध संचालकः** श्री रुपेश भट्टराई, भक्तपुर<br>**संचालक :**<br>श्री सीताराम अर्याल, भक्तपुर<br>श्री जयन्ती अर्याल, भक्तपुर<br>श्री रोहित पौडेल, काठमाडौं<br>श्री सुदिन विष्ट, ललितपुर<br>श्री कैलाश खतिवडा, भक्तपुर<br>श्री नरेश जडारी, भक्तपुर |
| १९. | पि.आई.होल्डिङ्गस प्रा.लि., का.म.न.पा.-०२ | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, वचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदि। | १५,००० | **अध्यक्षः** श्री विकास रिजाल<br>**संचालक :**<br>श्री कृष्ण प्रसाद शर्मा<br>श्री उज्वल पौडेल<br>श्री सदिप घिमिरे |
| २०. | न्यू इन्फ्रा हेभन ग्रुप होल्डिङ्स कम्पनी प्रा.लि., का.म.न.पा.-०३ | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, वचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदि। | २५,६७९ | **अध्यक्षः** श्री राजेश कुमार सोनी विर्तामोड ०४, झापा |
| २१. | वान वर्ल्ड कर्पोरेशिन्स प्रा.लि., का.म.न.पा.-३१ | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्नेउद्देश्य सहित संचालन भइरहेको छ। | २०,८३३ | **अध्यक्षः** श्री चुडामणि चौलागाई, इटहरी, सुनसरी |

| क्र.सं. | संगठित संस्थाको नाम र ठेगाना | संक्षिप्त विवरण | ग्रहण गरेको शेयर संख्या | संगठित संस्थाको संचालकहरुको नाम र ठेगाना |
|---|---|---|---|---|
| २२. | प्रोफिट प्लस इन्भेष्टमेन्ट प्रा.लि., का.म.न.पा. ०३ | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्नेउद्देश्य सहित संचालन भइरहेको छ। | २,००० | **अध्यक्ष:** श्री राम प्रसाद पौडेल**,** चितवन<br>**संचालक :**<br>श्री नकुल ढकाल, सिन्धुपाल्चोक<br>श्री दधिराम पोखरेल, पाल्पा |
| २३. | विशाल ग्रुप लिमिटेड, का.म.न.पा. ११ | नेपालको विभिन्न क्षेत्रमा लगानी गर्नेउद्देश्य सहित संचालन भइरहेको छ। | १,००,००० | **अध्यक्ष:** श्री विशाल अग्रवाल, लाजिम्पाट, काठमाडौं<br>**संचालक :**<br>श्री निकुञ्ज अग्रवाल, लाजिम्पाट, काठमाडौं<br>श्री मधु अग्रवाल, लाजिम्पाट, काठमाडौं<br>श्री संचिता अग्रवाल, लाजिम्पाट, काठमाडौं |
| २४. | शिपशेप भेन्चर्स प्रा.लि., का.म.न.पा. २३ | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, वचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदी। | १०,००० | **अध्यक्ष:** श्री अंकुर गोयल<br>**संचालक :**<br>श्री विजय प्रसाद रौनियार<br>श्री वर्षा लोहिया |
| २५. | एन.आर.एन. अफ्रिका भेन्चर्स लिमिटेड | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, वचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदी। | ६०,००० | **अध्यक्ष:**<br>श्री हिक्मत बहादुर थापा<br>**प्रबन्ध संचालक:**<br>श्री दीपक कर्ण<br>**संचालक :**<br>श्री चिरन्जीवी रोक्का (क्षेत्री)<br>श्री सुनिल कार्की<br>श्री बाबुराम लुईटेल शर्मा<br>श्री शान्ती कडेल |
| २६. | सारथी इक्विटी फण्ड लिमिटेड | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक वित्तीय संस्था, बिमा लगायत अन्य कम्पनी एवम सङगठित संस्थाको धितोपत्र, वचतपत्र, ऋणपत्र वन्ड, डिवेन्चर, सामूहिक लगानीकोष एवंम पूँजी बजारका अन्य उपकरणहरुमा लगानी गर्ने आदी। | १०,००० | **अध्यक्ष:**<br>श्री कृष्ण प्रसाद न्यौपाने<br>**प्रबन्ध संचालक:**<br>श्री कोषराज सुवेदी<br>**संचालक :**<br>श्री हिमाल भट्टराई<br>श्री राजीव पौडेल<br>श्री हेमा कुमारी अधिकारी |

**(ग) संगठित संस्थाको सञ्चालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.सं. | सञ्चालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री बिनिता थापा | अध्यक्ष : हिमालय ट्रेक प्रा.लि., बुढानिलकण्ठ, काठमाण्डौ ।<br>संचालक : मेन्छियाम हाइड्रोपावर लि., पानीपोखरी, काठमाण्डौ । |
| २. | श्री चन्द्र सिंह साउद | अध्यक्ष : नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, कमलादी ।<br>अध्यक्ष : चार्टर्ड क्यापिटल एण्ड इन्भेष्टमेन्ट लि. |
| ३. | श्री अमर थापा | संचालक : अमर निर्माण सेवा<br>अध्यक्ष : दिव्य काठ उद्योग प्रा.लि.<br>संचालक : मिड अल्पाइन हाइड्रो प्रा.लि.<br>संचालक : गोदावरी कङ्क्रिट ब्लक उद्योग प्रा.लि. |
| ४. | श्री रिङकु निरौला | नभएको । |
| ५. | श्री प्रल्हाद राज कुँवर | नभएको । |

संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ र कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (६) मा भएको व्यवस्थाहरु पालना भएको व्यहोरा उद्घोषण गर्दछौ । साथै यस कम्पनीको अध्यक्ष कार्यकारी प्रमुखको भूमिकामा नरहेको व्यहोरा समेत उद्घोषण गर्दछौ ।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ। स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

(ख) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र कर्मचारीहरुका लगानीकर्ताहरुलाई निष्काशन गरेको शेयर सर्वसाधारणमा बाँडफाँड भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।

## ग.५.ख.संस्थापक/सञ्चालकसँगको कारोबार :

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

## ग.६.सिमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सिमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम् रकमसम्म मात्र सिमित रहनेछ ।

## ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

### ग.७.क.संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

**(क)** संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ती मिति | कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री अजय कुमार | महाप्रबन्धक | बि.ए (होटल व्यवस्थापकमा ) /आई.एच.ए म | २०८१/११/१९ | १. ACCOR GROUP OF HOTELS मुम्बै २००८ फेब्रवरी देखि २०१३ अक्टोवर सम्म विभिन्न पदमा कार्यअनुभव ।<br>२. २०१३ अक्टोवर देखि २०१४ जुन सम्म पार्क प्लाजा चन्डीगडमा खाद्य तथा पेय पदार्थ व्यवस्थापक पदमा कार्यअनुभव । ।<br>३. २०१४ अगष्ट देखि २०१५ अक्टोवर सम्म The Orchid Hotel मुम्बईमा खानपान बिक्री तथा कार्यक्रम सञ्चालन प्रबन्धक पदमा कार्य अनुभव ।<br>४. २०१५ नोभेम्बर देखि २०१८ नोभेम्बर सम्म Marriott International - Renaissance Hotels अहमदाबादमा खाद्य तथा पेय पदार्थ व्यवस्थापकपदमा कार्यअनुभव ।<br>५.२०१८ नोभेम्बर देखि २०२५ सम्म Intercontinental Jaipur Tonk Road जयपुर मा निर्देशक सञ्चालनको रुपमा कार्यअनुभव । | छैन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | श्री धनराज सुवेदी | प्रमुख वित्त अधिकृत | स्नातक( व्यवस्थापन संकाय) | २०८१/०६/०१ | १.वरिष्ठ एसोसिएट्स, जीपी राजबाहक एण्ड को., अगस्ट २०१९ देखि जनवरी २०२३ सम्मको कार्यअनुभव ।<br>२.परामर्शदाता, ग्रीन टिक कन्सल्टिङ प्राइभेट लिमिटेड, जनवरी २०२३ देखि जुन २०२४ सम्मको कार्यअनुभव ।<br>३.कर सल्लाहकार, एरिकोट टेक्नोलोजी प्राइभेट लिमिटेड, जुन २०२४, देखि सेप्टेम्बर १६ २०२४ सम्मको कार्यअनुभव । | छैन |
| ३. | अधिवक्ता श्री प्रशन्न देवकोटा | कानून/परिपालन अधिकृत | बि.ए.एल.एल.बि | २०८१/०९/०१ | १. बन्दीपुर केवलकार एण्ड टुरिजम लिमिटेडमा २०८० श्रावण ६ गतेदेखि २०८१ भाद्र ३० गतेसम्म कानून/अनुपालन अधिकृतको पदमा कार्यअनुभव । | छैन |
| ४. | श्री देवु प्रसाद आचार्य | वरिष्ट लेखा तथा प्रशासन अधिकृत | स्नातक (व्यवस्थापन) | २०८१।०८।१६ | १. लेखा अधिकृत, बज्र एण्ड बज्रचार्य इन्टरप्राइजेज प्रा.लि. (साल २०७३ देखि २०७७ सम्म)<br>२. लेखा तथा प्रशासन अधिकृत, मिडास टेक्नोलोजिज प्रा.लि. (साल पुष २०७७ देखि २०८१ मङ्सिर सम्म) | छैन |
| ५. | श्री मेरिना जोशी | वित्त र व्यापार निर्देशक | स्नातकोत्तर | २०८०/१२/०१ | १.होटल पोखरा ग्रान्ड (१ अगस्ट, २००७ देखि १६ डिसेम्बर २०१८) मा लेखा शाखाको कार्य अनुभव<br>२.सहायक बित्त प्रबन्धक, सुइस इन्टरनेशनल होटल सरोवर (१७ सेप्टेम्बर २०१८ देखि १५ सेप्टेम्बर २०१९) आवद्ध ।<br>३.बित्त प्रबन्धक, रमाडा इनकोर बाइ उनधाम ठमेल, काठमान्डौं (१६ सेप्टेम्बर २०१९ देखि २०२४ सम्म आवद्ध । | २,००० |
| ६. | श्री नरेश खरबन्द | कार्यकारी शेफ | स्नातक | २०८१/०१/३१ | १.सहायक सेफ : ताज प्यालेस इन्टरकन्टिनेन्टल नयाँ दिल्ली, मे १९९४ देखि अप्रिल १९९५ सम्म ।<br>२ डेमी शेफ डे पार्टी : होटल अन्तर्राष्ट्रिय मस्को, मे १९९७ देखि फेब्रअरि १९९९ सम्म आवद्ध ।<br>३. सुस शेफ : होटल ग्रेड यूरोप, जुन २००० देखि जुलाई २००२ सम्म आवद्ध ।<br>४. सुस शेफ : पलको अर्किड, सेप्टेम्बर २०२ देखि नोबेम्बर २००३ सम्म आवद्ध ।<br>५. शेफ डे : होटल ग्रान्ड नयाँ दिल्ली, डिसेम्बर २००३ देखि अक्टोबर २००६ सम्म आवद्ध ।<br>६.शेफ डे : होटल एस्कट ट्विन स्पाइस रेस्टुरेन्ट दुबई, अक्टोबर २००६ देखि अक्टोबर २००८ सम्म आवद्ध ।<br>७. शेफ डे : कार्लसन इन/सुइट वाइ कार्लसन ग्रुपमा आवद्ध ।<br>८. सन् २०१० देखि २०२१ सम्म कार्यकारी शेफ को रुपमा बिभिन्न होटल तथा रिर्सोटहरुमा कार्य अनुभव रहेको । | छैन |
| ७. | श्री बिख्यात बिक्रम राना | प्रमुख बजार व्यवस्थापक | डिप्लोमाइन हस्पिटालिटी म्यानेजमेण्ट | २०८१/१०/३० | १. प्रमुख बजार व्यवस्थापक : टाइगर प्लेस रिसोर्टमा कार्यअनुभव ।<br>२. प्रमुख बजार व्यवस्थापक माउन्टेन ग्लोरी फरेष्ट रिसोर्ट एण्ड स्पा १ फ्रेवरी २०२३ देखि १५ मे २०२४ सम्म आवद्ध । | छैन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | श्री अंकित सादना | फुड एण्ड बेभरेज प्रबन्धक | स्नातक ( होटल व्यवस्थापक) | २०८१/०१/१८ | १.फुड एण्ड बेभरेज सहायक, द ओबेरोय, नयाँ दिल्ली, जून २००६ देखि जून २००७ सम्म आवद्ध ।<br>२.बारटेन्डर, रिक्स बार, ताजमहल होटल, नयाँ दिल्ली, जुन २००७ देखि अक्टोबर २००८ सम्म आवद्ध ।<br>३.द लीला केम्पिन्स्की होटल एण्ड रेसिडेन्सेस, गुड़गाउँ, अक्टोबर २००८ देखि अगस्ट २०१० सम्म आवद्ध ।<br>४.क्राउन प्लाजा, नयाँ दिल्ली रोहिणी नोभेम्बर २०१० मार्च देखि मार्च २०१६ सम्म आवद्ध । | छैन |
| ९. | श्री प्रकास गुप्ता | प्रमुख इन्जिनीयर | इलेक्ट्रिकल इन्जिनीयरीङ्ग | २०८१/११/१८ | १. प्रमुख इन्जिनीयरः होटल अल्फठ् काठमाडौं मा १७ अगष्ट २०२२ देखि १ जनवरी २०२४ सम्म आवद्ध ।<br>२ प्रमुख इन्जिनीयरः द सोल्टि होटल काठमाडौंमा १ अप्रिल २०२१ देखि २५ डिसेम्बर सम्म आवद्ध ।<br>३ प्रमुख इन्जिनीयरः सोल्टि क्रावन प्लाजा काठमाडौंमा १६ जनवरी जुलाई २०२० सम्म आवद्ध । | छैन |
| १०. | श्री इन्द्र भट्टराई | मानव संसाधन प्रमुख | स्नातक | २०८०।०७।१५ | १. विगत १० देखि विभिन्न होटल तथा रिर्सोटहरुमा मानब संसाधान विभागमा कार्यअनुभव रहेको । | ५,००० |

उच्च व्यवस्थापकिय तहमा रहेका कर्मचारीको अन्य सूचिकृत संगठित संस्थाको रहेको शेयर सम्बन्धी विवरण : सो नभएको

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने:** सो नभएको ।

**(ग) कर्मचारीको संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य :** कम्पनीमा हाल देहाय बमोजिमका कर्मचारीहरु कार्यरत रहेका छन्:

| विवरण | स्थायी | अस्थायी | करार | ज्यालादारी* | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | ४५ | - | १०५ | - | - | १५० |

*आवश्यकता अनुसार ज्यालादारी कर्मचारीहरु मार्फत कार्यसम्पादन गरिदै आएको ।

**ग.७.ख.सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

संचालक समिति अध्यक्ष श्री बिनिता थापाज्यूलाई मिति २०८१/१२/१८ मा बसेको संचालक समितिको निर्णय अनुसार उहाँले कम्पनीमा पूर्ण कालिन कर्मचारीको रुपमा आ.व. २०८१।०८२ मा कार्यसम्पादन गर्नु भएको हुँदा पारिश्रमिक स्वरुपमा जम्मा रकम रु.९६६,४२४/- मात्र भुक्तानी गरिएको छ। साथै २०८१/२०८२ मा कम्पनीले संचालक समितिको अध्यक्ष तथा अन्य संचालकहरुलाई बैठक भत्ता लगायत अन्य कुनै पनी किसिमको भत्ता दिने व्यवस्था गरेको छैन ।

**(ख) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधिभित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम सम्बन्धी विवरण :**

| सि. नं. | कर्मचारीको नाम | पद | एक वर्षभित्र अर्थात् २०८१ श्रावणदेखि २०८२ आषाढसम्ममा भुक्तानी गरेको पारिश्रमिक (तलब तथा भत्ता) सहित | कैफियत |
|---|---|---|---|---|
| १. | अजय कुमार | महाप्रबन्धक | २०,३१,११९ | - |
| २. | धनराज सुवेदी | प्रमुख वित्त अधिकृत | ६,७६,७५२ | - |
| ३. | प्रशन्न देवकोटा | कानून/अनुपालन अधिकृत | ४,७५,५५१ | - |

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

## ग.८. अन्तर्निहित जोखिम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

कम्पनीको अन्तर्निहित जोखिमहरु निम्नअनुसार रहेका छन् ।

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम** :

- हाल होटल निर्माणका कार्य सम्पन्न भई संचालनमा रहेको हुँदा वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भइसकेको र बैंकबाट पनि ऋण प्राप्त भएकोले वित्तीय साधनको अभावबाट हुने कुनै पनि जोखिम नहुने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- होटल निर्माणको लागि आवश्यक कच्चा पदार्थ आयत भई निर्माणको कार्य सम्पन्न भई संचालनमा आएको हुँदा कच्चा पदार्थको अभावबाट हुने जोखिम नरहेको । साथै होटल संचालको क्रममा आवश्यक पर्ने कच्चा पदार्थको आपुर्ति गर्नको लागि विभिन्न सप्लायर्सहरुसँग सम्झौता भएको हुँदा होटल संचालमा आवश्यक पर्ने कच्चा पदार्थ अभाव हुने जोखिम कम रहेको ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- सोही प्रकृतिका नयाँ होटल संचालनको क्रममा रहेको देखिएको हुँदा व्यवसाय विस्तारको क्रममा थप प्रतिस्पर्धा आउने जोखिम रहेको देखिन्छ ।
- आर्थिक मन्दीको अवस्था आएको अवस्थामा ग्राहकहरुमा खर्च गर्ने क्षमता कम हुने हुँदा उक्त जोखिम रहने देखिन्छ ।
- कोभिड जस्तै महामारीका अवस्था विश्वव्यापी आएको अवस्थामा होटल व्यवसायमा समेत नकारात्मक असर पर्ने जोखिम रहेको देखिन्छ ।
- प्राकृतिक प्रकोपको कारण व्यवसाय संचालनमा अवरोध आउन सक्ने जोखिम देखिन्छ ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिमः** हाल होटल निर्माणको सम्पन्न भई संचालनमा आएको हुँदा आयोजना सम्पन्न हुने ढिलाई हुने जोखिम नहेको ।

**(ङ) विदेशी विनिमयको जोखिम :** पछिल्लो समयमा विदेशी विनिमयमा तिब्र उतार चढाव आइरहेको र यस होटलको कोठाहरु डलरमा बिक्री गरिने हुँदा विदेशी विनिमय दरको जोखिम रहने देखिन्छ ।

**(च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजत पत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

- देशको आर्थिक अवस्थामा आउन सक्ने आर्थिक गिरावटका कारण भ्रमण गर्ने स्वदेशी पर्यटकहरुको संख्या कम हुन सक्ने तथा खर्च गर्न सक्ने क्षमतामा समेत ह्रास आउने हुँदा होटल व्यवसायमा संकुचन आउन सक्ने जोखिम रहेको ।
- अन्तर्राष्ट्रिय बजारमा हुने महामारी तथा आर्थिक मन्दीले पार्न सक्ने असर पर्यटकीय क्षेत्रमा पर्न सक्ने भएकाले सो बाट व्यवसायमा संकुचन आउन सक्ने जोखिम रहेको ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम**
नेपाल सरकार तथा अन्य नियमन निकायहरुले जारी गर्ने नियम निर्देशनको वा नियमहरुले समग्र होटल व्यवसायमा असर पर्न जाने हुन्छ । हामीले प्रचलित ऐन, नियम एवं निर्देशनको परिपालनालाई उच्च प्राथमिकतामा राख्ने र यस्ता नीति तथा नियमहरुको परिवर्तनबाट ठूलो नकारात्मक असर नपर्ने अपेक्षा गरेका छौँ ।

**(झ) सञ्चालन इतिहासको अभाव :**
होटल फरेष्ट इन लिमिटेड प्रचलित कानुन बमोजिम २०६७ साल मंसिर महिनाको ०६ गते प्रा.लि. को नामबाट दर्ता भई मिति २०८० साल भाद्र ११ गतेदेखि पब्लिक कम्पनीको रुपमा परिणत यस होटल फरेष्ट इन लिमिटेडको नाममा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई निर्माण कार्य सम्पन्न भई संचालनमा समेत आइसकेको छ । यस होटलका संस्थापक शेयरधनीहरु तथा संचालकहरु अन्य होटल व्यवसायमा पहिला देखि नै आवद्ध भई कार्य अनुभव हासिल गरेका व्यक्तित्वहरु रहेको हुँदा यस होटल संचालनको इतिहास कम भएपनि उक्त होटल संचालनको इतिहासको अभावको जोखिम नरहने देखिन्छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :** संगठित संस्थाले हाल प्रयोग गरेको प्रविधिहरुमा केही समस्या भएमा उत्पन्न हुन सक्ने जोखिमहरु । साथै, संस्थाले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने सो जोखिमहरुलाई मध्यनजर गरी आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको ।

**(ट) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : होटल संचालनको लागि आवश्यक सम्पूर्ण पुर्वाधारहरु निर्माण भई हाल होटल पूण रुपमा संचालमा रहेकोले सो जोखिम नरहेको ।

**(ठ) अन्य :**
- प्राकृतिक प्रकोप तथा काबु बाहिरको परिस्थितिका कारणबाट हुने सक्ने जोखिमहरु भने रहेको ।
- देशको राजनितिक, आर्थिक तथा पर्यटन क्षेत्रमा प्रतिकुल पर्न सक्ने निति तथा नियमको जोखिमहरु रहेको ।
- होटल क्षेत्रमा कर्मचारी उतार चढावले होटल संचालमा जोखिम उत्पन्न हुन सक्ने अवस्था रहेको देखिन्छ ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ :**
यस होटलको प्रमुख आयस्रोत भनेको नेपाल भ्रमण गर्न आउने विदेशी पर्यटक, विदेशमा रहेका नेपालीहरु र नेपालका आन्तरिक पर्यटकहरु रहेका छन् । यस कम्पनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई आकर्षित गरी राजधानीका विभिन्न पर्यटकिय स्थानहरुमा सजिलै पुग्न सक्ने गरी बस्न मिल्ने होटल सञ्चालनमा ल्याइएको छ । साथै आन्तरिक पर्यटकहरुलाई व्यस्त जीवनशैलीबाट केही दिनको छुट्कारा दिई काठमाण्डौमा नै केही दिनको आनन्ददायी छुट्टी बिताउने स्थलको रुपमा समेत प्रचार प्रसार गरिने छ । कोठा र सेमिनार हलको बुकिङ्ग र रेष्टुरेन्ट सेवाको लागि टेलिफोन, इमेल, अनलाईनबाट समेत बुकिङ्ग तथा बिक्री गर्ने व्यवस्था गरिएको छ । जसले गर्दा सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न सघाउ पुग्ने देखिन्छ ।

यस कम्पनीले अन्तराष्ट्रिय कम्पनी Inter Continental Hotels Group (Asia Pacific) Pte.Ltd., Singapore सँग प्रविधि हस्तान्तरण सम्झौता गरेको र Holiday INN Resort नामक टेड्रमार्क प्रयोग गर्ने गरी तयारी गरेको छ । सिंगापुरको जङ्सन टावरमा मुख्य कार्यालय रहेको विश्वस्तरीय चेन होटल कम्पनी IHG, Holiday INN अन्तर्गत संसार भरी १८० वटा देशमा ५,६०० भन्दा बढी होटल तथा रिसोर्टहरु सञ्चालनमा रहेका छन् । उक्त ब्राण्डको हाल ५ वटा ब्राण्डहरुमध्ये होलिडे इनको गुणस्तर Select Service/Upscale अन्तर्गत वर्गीकरण गरी मुख्यतयाः बिजनेस क्लासका आगन्तुकहरुको चाहना अनुसार सेवा सुविधाहरु उपलब्ध गराइएको र अन्य

आनन्ददायी यात्रा तथा पारिवारिक भ्रमणका लागि आएका ग्राहकहरुका निमित्त पनि उच्च गुणस्तरयुक्त उचित सेवा सुविधाहरु उपलब्ध गराउने योजना रहेको छ ।

यस ५ (पाँच) तारा स्तरको यस होटल फरेष्ट इन लि.मा १०४ वटा वातानुकुलित कोठाहरु सहित सञ्चालनमा आयका छन । यस होटलमा रहेका तिन ठूला वातानुकुलित बैंङ्क्वेट हलहरुमा एक पटकमा क्रमश: ३५०, २५० र १०० जना ग्राहक अटाउन सक्ने क्षमता रहेको छ । स्वीमिङ पुलमा रहेको पुल साइड बार सहित लबि बार र रुफटप बार गरी ३ वटा बारहरुमा वेभरेज सेवा तथा गुणस्तरीय आरामदायी बसाइको व्यवस्था उपलब्ध गराउने व्यवस्था सहित संचालनमा आएको छ । मौलिक नेपाली तथा विश्वस्तरीय परिकारहरुका लागि चारवटा भान्सा कोठाहरु रहेका छन् भने फिट्नेस सेन्टरमा उच्चस्तरीय इक्विपमेण्टहरु जडान गरिएको छ । विश्वस्तरीय अत्याधुनिक इन्फर्मेशन टेक्नोलोजी सहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि १४ किलोमिटरको दुरीमा यस होटेल रहेको छ । काठमाण्डौको प्रमुख पर्यटकीय स्थलहरु जस्तैः काठमाण्डौं दरवार स्क्वायर, स्वयम्भुनाथ स्तुपा, ठमेल, पाटन दरवार स्क्वायर, पशुपतिनाथ मन्दिर, बौद्ध स्तुपा, चन्द्रागिरी हिल्स तथा भक्तपुर दरवार स्क्वायरको नजिकमा रहेको यस होटलका कोठा, लबी तथा रेस्टुरेन्ट परिसरको साजसजावट नेपाली मौलिकता झल्किने गरी निर्माण गरिएको हुँदा यस होटलको विशेषता झल्किने गरी देश तथा विदेशमा प्रचार प्रसार गरी होटलको व्यवसाय विस्तार गर्ने रणनीति रहेको हुँदा माथि उल्लेखित सम्भावित जोखिमहरु न्युनीकरण गर्न सकिने व्यहोरा व्यवस्थापनको रहेको छ ।

साथै कम्पनीका भौतिक संरचनाहरु तथा मेशिनरी पाटपूर्जाहरु लगायत अन्य सम्पत्तिहरुको सम्भावित जोखिमलाई न्यूनिकरणका लागि देहाय बमोजिमको बीमा गरेको छ :

| क्र.स. | बीमा कम्पनीको नाम | विवरण | रकम (रु.) | बीमा लेख समाप्त मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | युनाइटेड अजोड इन्स्योरेन्स लि. | लस अफ प्रोफिट पोलिसी | २०,७४,२६,५५८.१९ | २०८३/०१/३१ | बीमा लेखको समयावधि समाप्त भएको खण्डमा पुनः नविकरण गरिने |
| | | भवन, व्यापार व्यवसाय उद्योग, उद्योग परिसर बाहिर रहेका सम्मत्ती र भण्डारण र अन्य | २,८०,८५,१४,५६४.०६ | २०८३/०१/३१ | |
| | | नगद बीमालेख | १०,००,००० | २०८३/०२/०३ | |
| २ | सिद्धर्थ प्रिमियम इन्स्योरेन्स लि. | सार्वजनिक दायित्व बीमालेख | १३,५१,८८,१०० | २०८३/०२/१७ | |

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

प्रति शेयर अंकित मूल्य रु.१००।- दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएको हुँदा शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ग.९. वित्तीय विवरण

### ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण:** यस कम्पनीको आ.व.२०८१/०८२ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (श्रावण १, २०८१ देखि आषाढ ३१, २०८२)**

| विवरण | रकम (रु.) |
|---|---|
| **सम्पत्ति** | |
| सम्पत्ति प्लान्ट र उपकरण | ४,१५९,८७७,४३६ |
| अमूर्त सम्पत्ति | ११,४१०,५७२ |
| निर्माणाधिन सम्पत्तिहरु | – |
| **जम्मा गैर चालु सम्पत्ति** | **४,१७१,२८८,००८** |
| **चालु सम्पत्ति** | |

| | |
|---|---|
| मौज्दात | १५,२३५,४४७ |
| वित्तीय सम्पत्ति | |
| नगद तथा बैंक मौज्दात | ६७,५७३,२०२ |
| अन्य वित्तीय सम्पत्ति | ३९,७९५,४६१ |
| अन्य सम्पत्ति | २५१,३९४,८२५ |
| **जम्मा चालु सम्पत्ति** | **३७३,९९८,९३४** |
| **जम्मा सम्पत्ति** | **४,५४५,२८६,९४२** |
| **पूँजी** | |
| शेयर पूँजी | १,६००,०००,००० |
| अन्य पूँजी | ४०४,१३१,४७२ |
| **जम्मा पूँजी** | **२,००४,१३१,४७२** |
| **गैर चालु दायित्वहरु** | |
| वित्तीय दायित्वहरु | |
| ऋण | १,४३७,९०९,५४२ |
| अन्य वित्तीय दायित्वहरु | ४४,८२७,०४५ |
| अन्य वित्तीय दायित्व | १६७,९२७,६२४ |
| **जम्मा गैर चालु दायित्वहरु** | **१,६५०,६६४,२११** |
| **चालु दायित्वहरु** | |
| वित्तीय दायित्वहरु | |
| दिर्घकालीन ऋण | ६७२,३३२,१३६ |
| अल्पकालीन ऋण | १६२,०८६,००० |
| अन्य वित्तीय दायित्वहरु | ४९,२००,४३१ |
| अन्य दायित्व र व्यवस्थाहरु | ६,८७२,६९२ |
| **जम्मा चालु दायित्वहरु** | **८९०,४९१,२५९** |
| **जम्मा पूँजी तथा दायित्वहरु** | **४,५४५,२८६,९४२** |

## नाफा-नोक्सान हिसाब (श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२)

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| **आम्दानी** | |
| संचालनबाट आम्दानी | १३६,३११,७६२ |
| अन्य आम्दानी | ४८,०५३ |
| **जम्मा आम्दानी** | **१३६,३५९,८१४** |
| बिक्री लागत | ६०,८४३,९२६ |
| प्रशासनिक खर्च | ३६,२३३,५९० |
| कर्मचारी लाभ खर्च | ७८,२७८,८१३ |
| वित्तीय खर्च | ८७,९९८,६५३ |
| मूल्यह्रासखर्च- PPE | ४३,६४०,०९८ |
| परिषोधनखर्च अमूर्त सम्पत्ती | १,३५३,१३० |
| परिषोधनखर्च- ROU | - |
| **जम्मा खर्च** | **३०८,३४८,२१०** |
| **बोनस र कर अवधिको नाफा /(नोक्सान)** | **(१७१,९८८,३९६)** |
| **बोनस व्यवस्था** | - |
| **कर अवधिको नाफा /(नोक्सान)** | **(१७१,९८८,३९६)** |
| करको व्यवस्था | - |
| **यस वर्षको नाफा/(नोक्सान)** | **(१७१,९८८,३९६)** |

## नगद प्रवाह विवरण (२०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्तसम्म)

| विवरण | रकम (रु.) |
|---|---:|
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | |
| कर भन्दा अघिको नाफा/(नोक्सान) | (१७१,९८८,३९६) |
| **समायोजन** | |
| मुल्यह्रास | ४४,९९३,२२८ |
| **कार्यशिल पूँजी परिवर्तनमा खुद नगद प्रवाह** | **(१२६,९९५,१६८)** |
| **कार्यशिल पूँजीमा परिवर्तन** | |
| प्राप्य र अन्य सम्पत्ति (कमी)/वृद्धि | (५७,०१६,३७२) |
| निक्षेप र अग्रिम ऋणमा (कमी)/वृद्धि | ३७७,८२६,०५६ |
